पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : ३२ | २०७० फागुन २३ गते शुक्रबार (Mar. 7, 2014) | मूल्य रू. १०/-

## एमाले इच्छाराजको घोडा



काठमाडौँ । एमालेभित्र आगामी महाधिवेशन तयारीका क्रममा उपाध्यक्ष तथा उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले वितरण गरेको प्रस्तावमा एमालेभित्र इच्छाराज तामाङ जस्ता सामन्त पैसावाला र राजेन्द्र पाण्डे जस्ता शैक्षिक माफिया-कमिशनखोरको हालीमुहाली चल्न दिन नहुने उल्लेख छ । स्मरण रहोस्, राजेन्द्र पाण्डेले मनमोहन कलेज खोल्न आफैंले जग्गा किनेर कलेजलाई बिक्री गरेर ठूलो घोटाला गरेको आरोप लागेको छ । यसपटक (बाँकी अन्तिम पेजमा)

# सुशील सरकारलाई टनकपुरले बगाउने

काठमाडौँ । फागुन ११ गते नेपालगञ्जमा पुगेर शेरबहादुर देउवा र रामचन्द्र पौडेललाई साक्षी राख्दै सुशील कोइरालाले 'टनकपुर भारतकै हो' भन्ने जुन अभिव्यक्ति दिए, त्यो अभिव्यक्ति संविधानसभामा ठूलो मुद्दा बनेको छ । यो मुद्दाको प्रकृति हेर्दा लाग्छ- सुशील सरकारलाई टनकपुरले बगाउने छ ।

सुशील कोइरालाको नेपालगञ्जको भाषणको अडियो-भिडियो रेकर्डिङ यतिखेर संविधानसभामा सबै सदस्य र नागरिक समाजमा वितरण भइसकेको छ । यो अडियो, भिडियो सुन्ने र हेर्ने जो कसैले पनि सुशील कोइराला राष्ट्रघाती रहेछन् भन्न करै लाग्छ ।



सुशीलले गिरिजाप्रसाद कोइरालाको पालामा टनकपुर सन्धि हुँदा बुझ्दै नबुझी उनको विरोध गरेको बताएका छन् । उनले विशेषज्ञ भएझैं भनेका छन् - टनकपुर भारतको थियो, भारतकै हो । यसमा विवाद गर्नुको तुक छैन । यसो भनेर प्रधानमन्त्री सुशील कोइराला म्यान्मार गए, बिमस्टेक बैठकमा भारतका प्रधानमन्त्री डा. मनमोहन सिंहलाई भेटे । भारत प्रशन्न भएको देखे । डा. मनमोहन सिंहले प्रशन्न हुँदै भनेका छन्- तपाईंको नेतृत्वको सरकार सफल होस् ।

तर सुशीको त्यो भाषण संविधानसभामा ठूलै मुद्दा बनिसकेको छ । सभाध्यक्षले संसद्लाई प्रष्ट पार्न सरकारका नाममा (बाँकी अन्तिम पेजमा)

## वैद्यको आन्दोलन घोषणा हुने



काठमाडौँ । ३३ दलसहितको असन्तुष्ट नेकपा-माओवादी -'राजनीतिक सभा' गरेर राजनीतिक निकास निकाल्न तयार नहुने हो भने सडक आन्दोलन हुन्छ भन्दै आन्दोलन घोषणाको तयारीमा जुटेको छ ।

प्रचण्ड वैद्य समूहसँग एकता गरेर स्थानीय चुनावमा जाने र संविधानसभामा गुमेको साख आर्जन गर्ने रणनीति बनाइरहेका बेलामा अध्यक्ष मोहन वैद्यले खुलेर भनेका छन्- हाम्रो बाटो अलग छ । एकीकरणको (बाँकी अन्तिम पेजमा)

# होला त ६ महिनाभित्रमा स्थानीय चुनाव

अभियान संवाददाता

काठमाडौँ । नेपाली काँग्रेसका सभापति सुशील कोइरालालाई प्रधानमन्त्री बनाउने क्रममा काँग्रेस एमालेबीच भएको सात बुँदे सहमतिमा सरकार गठन भएको ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गर्ने प्रतिवद्धता जनाएको भए पनि अहिलेकै अवस्थामा त्यो सम्भव देखिएको छैन । सरकारमा सहभागी भएको काँग्रेस-एमालेले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने उद्घोष गरे पनि एमाओवादी लगायतका अन्य दलहरूले त्यसमा सहमति नजनाएका हुनाले सरकारको प्रतिवद्धता पूरा हुन सक्ने अवस्था छैन ।

सुशील कोइराला नेतृत्वको सरकार गठन भएको एक महिना पुगेको छ । सरकारले पूर्णता पाउन सकेको छैन । झन्डै १७ दिनसम्म प्रधानमन्त्री कोइरालाले पहिलो मन्त्रिपरिषद् विस्तार गर्न सकेनन् । काँग्रेस-एमालेबीचको विवादले गर्दा प्रधानमन्त्री कोइरालालाई पहिलो गाँसमै ढुंगा लागेको थियो । अहिले पनि सत्ताधारी दुई दलभित्रै विवाद उत्पन्न भएको छ । अझै पनि प्रधानमन्त्री कोइरालाले सरकारलाई पूर्णता दिन सकिरहेका छैनन् । निर्वाचन आयोगले समेत जेष्ठ-असार भित्रमा निर्वाचन गराउन सकिने अभिव्यक्ति दिइसकेको भए पनि गत संविधानसभाको दोस्रो निर्वाचनमा धेरै मतदाताहरू मतदान गर्नबाट वञ्चित भएको हुनाले आयोगले पहिला मतदाता नामावली संकलन गर्नुपर्ने आवश्यकता रहेको छ । मतदाता नामावली संकलनकै लागि आयोगलाई दुई-तीन महिना लाग्न सक्ने र त्यसको छानविन गर्नसमेत समय लाग्ने भएको हुनाले जेठ-असारभित्रमा स्थानीय निकायको चुनाव सम्भव छैन ।

संविधानसभाको दोस्रो निर्वाचनमा सबै दलहरूले एकवर्ष भित्रमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनतासामु गरेका हुनाले अब दलहरूले पहिलो प्राथमिकतामा संविधान निर्माणलाई राख्नु पर्दछ । स्थानीय निकायको चुनाव हुने भएमा दलका शीर्ष नेताहरू र अन्य नेताहरूसमेत चुनावको तयारीमा लाग्न गाउँ गाउँ जाने भएको हुनाले त्यसले संविधान निर्माणमा अवरोध पुग्नसक्ने सम्भावना देखिन्छ । दलहरूले एकवर्ष भित्रमा संविधान निर्माण गर्ने प्रतिवद्धता पूरा गरी बरू एक वर्षको सट्टा ६ महिना भित्रमा संविधान निर्माण गरी नयाँ संविधानअनुसार स्थानीय निकायको चुनाव गराउनु उपयुक्त हुन्छ । नयाँ संविधानमा मुलुक संघीयतामा जाने पक्कापक्की भएपछि अन्तरिम संविधानअनुसार स्थानीय निकायको (बाँकी अन्तिम पेजमा)

## प्रत्यक्ष निर्वाचनको प्रावधानले एमाओवादीमा भाडभैलो

अभियान संवाददाता



काठमाडौँ । एमाओवादीको वैशाख तेस्रो साता सुरू हुन भनिएको राष्ट्रिय सम्मेलनमा केन्द्रीय सदस्यका आकांक्षीहरूले पार्टी कार्यकर्ताहरूलाई विभिन्न प्रभावमा पारेर स्थानीय तहमा चुनाव जित्ने कसरतमा लागेका छन् । एमाओवादीमा केन्द्रीय सदस्य हुनका लागि जिल्लाबाटै प्रत्यक्ष रूपमा निर्वाचित भएर आउनुपर्ने प्रावधान ल्याएपछि नेताहरूबीच अस्वस्थ प्रतिस्पर्धा सुरु भएको छ । उनीहरू जसरी पनि आफूले जित्नुपर्ने भन्दै आ-आफ्नो जिल्ला फर्किएका छन् । पार्टीले स्वस्थ प्रतिस्पर्धाबाट चुनाव गराउन तल्लो तहलाई निर्देशन दिए पनि त्यो सम्भावना न्यून रहेको छ । यस अघिका सम्मेलन र महाधिवेशनमा सर्वसम्मतको नाममा प्रतिनिधि चयन गर्ने परम्परा तोडेर एमाओवादीले प्रत्यक्ष निर्वाचन नीति (बाँकी अन्तिम पेजमा)

## 'अब के गर्छ राप्रपा नेपाल ?



काठमाडौँ । काठमाडौँदेखि धनगढीसम्म, संविधानसभादेखि सडकसम्म राप्रपा नेपाल भन्न थालेको छ - 'यो सरकारले संविधान बनाउँदैन । साना दल र तिनको भूमिकालाई निस्तेज पारिँदैछ ।' यसरी आक्रामक लेबर देखाउन थालेको राप्रपा नेपालको क्रियाकलाप देखेका सचेत वर्ग प्रश्न गर्न थालेका छन्- अब के गर्छ राप्रपा नेपाल ?

राप्रपा नेपाल संविधानसभाको रोष्ट्रममा उभिएर स्पष्ट भएको थियो - संविधान निर्माण प्रक्रियामा राप्रपा नेपाल गुण र दोषका आधारमा सकारात्मक, रचनात्मक भूमिका खेल्नेछ । यसरी जिम्मेवार भएर आएको राप्रपा (बाँकी अन्तिम पेजमा)

## दिल्लीमा ओलीको झोली



काठमाडौँ । नशा र शरीर सुन्निएर ग्राण्डी अस्पताल भर्ना भएका एमाले संसदीय दलका नेता केपी ओली अस्पतालबाट डिस्चार्ज भएपछि घर होइन 'दिल्ली' हानिएका छन् । आठ वर्षअघि म्यान्स अस्पतालबाट मिर्गौला फेरेका ओली नियमित चेकअपका लागि दिल्ली गएको प्रचार गरिए पनि उनले 'सियासी' भेटघाट थालिसकेका छन् । यसै कारण ओलीको दिल्ली दौडलाई अर्थपूर्ण मानिएको छ ।

काँग्रेसको नेतृत्वमा एमाले सहितको सरकार बन्ने नाममा ७ बुँदे सहमति गरेर (बाँकी अन्तिम पेजमा)

# 'अधिकारी दम्पत्तिले कहिले न्याय पाउने



काठमाडौँ । आफ्ना छोराका हत्यारालाई कानुनी कारबाहीको माग गर्दै लामो समयदेखि संघर्ष गर्दै आएका गोरखा फुजेलका नन्दप्रसाद अधिकारी र निजकी श्रीमती गंगामाया अधिकारीको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ । लामो समयदेखि छोराको हत्याराहरूलाई कारबाहीको माग गर्दै आएका अधिकारी दम्पत्तिलाई तत्कालीन डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले पागलको सज्ञा दिएर मानसिक अस्पतालमा भर्ना गर्न लगायो । मानसिक अस्पतालका डाक्टरहरूले उनीहरू मानसिक रोगी नभएको भन्दै अस्पतालबाट डिस्चार्ज गरिदिएपछि उनीहरू न्यायको लागि प्रधानमन्त्री निवास बालुवाटारमा अनसन बसे, त्यहाँबाट उनीहरूलाई प्रहरी लगाएर वीर अस्पतालमा पुऱ्याइयो । अहिले पनि अधिकारी दम्पत्ति वीर अस्पतालको क्याबिन नं. १६ को शैयामा आमरण अनशन बसेका छन् । अधिकारी दम्पत्ति आमरण अनसन बसेको आज एक सय ३२ दिन पुगेको भए पनि सुशील कोइराला नेतृत्वको सरकारले उनीहरूको मागलाई सम्बोधन गर्न चाहिरहेको छैन ।

विभिन्न मानवअधिकारकर्मीहरूले समेत अधिकारी दम्पत्तिका माग सम्बोधन गर्न सरकारलाई आग्रह गरिरहेका छन् । दिउँसै मैन जुलुस समेत निकालेर धर्ना समेत दिएका भए पनि अधिकारी दम्पत्तिको जीवन रक्षाका लागि सरकार गम्भीर बन्न नसक्नु भनेको मान्छेको बाँच्न पाउने अधिकारमाथिको खेलवाड हो । अधिकारी दम्पत्तिको आमरण अनसनका बारेमा यथार्थ जानकारी दिन सभामुख सुवास नेम्बाङले सोमबार बसेको संसदको बैठकबाट सरकारका नाममा रूलिङ गरेका छन् । सोमबार बसेको (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# स्थानीय निकायको चुनावमा लागे संविधान निर्माण नहुने

संविधानसभाको दोस्रो निर्वाचन संविधान निर्माण गर्नका लागि भएको भए पनि पछिल्लो समयमा सत्ताधारी दल नेपाली काँग्रेस र नेकपा एमालेले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव गराउने उद्‌घोष गरेका छन् । स्थानीय निकायको चुनाव २०५४ सालदेखि आजसम्म हुनसकेको छैन । सरकारले कहिले राजनीतिक संयन्त्र त कहिले कर्मचारीहरुबाटै स्थानीय निकाय सञ्चालन गरिरहेको छ । हो स्थानीय निकायमा निर्वाचित प्रतिनिधि नहुँदा विकास निर्माणले तिब्रता पाएको छैन भने राजनीतिक संयन्त्रको नाममा स्थानीय निकाय संचालन गर्दा अरबौं अरबको घोटाला भएको छ । नेपाली काँग्रेसका सभापति सुशील कोइरालालाई प्रधानमन्त्री बनाउने बेलामा काँग्रेस एमालेबीच भएको ७ बुँदे सहमतिमा ६ महिनाभित्रमा स्थानीय निकायको निर्वाचन गराउने सहमति गरिएको छ । पछिल्लो संविधानसभामा ३० वटा राजनीतिक दलहरुको उपस्थिति रहेको अवस्थामा दुई दलले मात्र सहमति गरेर स्थानीय निकायको चुनाव गराउने उद्‌घोष गर्नु अन्य राजनीतिक दलहरुको अवमूल्यन गर्नु हो ।

संविधानसभाको पहिलो दायित्व र कर्तब्य भनेको दलहरुले चुनावका बेला एकवर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनतासामु गरेका हुनाले त्यो प्रतिवद्धता पूरा गर्नु नै हो । संविधानसभाले नयाँ संविधान निर्माण गरी त्यही संविधानका आधारमा स्थानीय निकायको निर्वाचन गराउनु सबैभन्दा उपयुक्त विकल्प हुँदाहुँदै अन्तरिम संविधानमा ब्यवस्था भए अनुसार नै स्थानीय निकायको निर्वाचन गराउनु उपयुक्त हुन सक्दैन । संविधानसभाको चुनावमा धेरै मतदाताले फोटो सहितको मतदाता परिचय पत्र नभएको हुनाले मतदान गर्नबाट वञ्चित भएका थिए । निर्वाचन आयोगले स्थानीय चुनावको लागि सबै योग्य मतदाताहरुको मतदाता नामावली संकलन गरी सबै योग्य नेपाली नागरिकलाई मतदान गर्न सक्ने वातावरण सिर्जना नै नगरी सरकारी पक्षबाट स्थानीय निकायको चुनाव ६ महिनाभित्रमा गराउने उद्‌घोषले फेरि हजारौं मतदाताहरुलाई मतदान गर्ने अवसरबाट वञ्चित गराउन खोज्नुबाहेक अन्य केही हुन सक्दैन । निर्वाचन आयोगले जिल्ला प्रशासन कार्यालयमार्फत फोटोसहितको मतदाता नामावली संकलन गरिरहेको जनाए पनि अहिले मधेस र पहाडी जिल्लाहरुमा त्यस्तो कार्य अघि बढ्‌न सकेको छैन । आयोगले २-४ दिनको समय दिएर फोटोसहितको मतदाता नामावली संकलन गर्ने कार्य गरे फेरि हजारौं होइन लाखौं मतदाताहरु मतदान गर्नबाट बञ्चित हुने हुनाले कोही पनि मतदान गर्ने अवसरबाट नछुटुन भनेर आयोगले एक डेढ महिनाको समय दिएर फोटो सहितको मतदाता नामावली संकलन गर्नुपर्दछ । मुलुकभरबाट संकलित भएका फोटो सहितका मतदाताहरुको नामावली रुजु गर्ने, दोहोरो परे हटाउने जस्ता कार्य गर्न निर्वाचन आयोलाई थप समय चाहिने भएको ह्नुनाले आउँदो जेष्ठ-असारभित्रमा स्थानीय निकायको निर्वाचन हुन सक्ने अवस्था देखिँदैन । जेष्ठ-असारदेखि खेतीको सिजन सुरु हुने भएपछि मानिसहरु खेती किसानीमा ब्यस्त रहने भएको हुनाले त्यसबेला निर्वाचन हुन सक्ने अवस्था रहँदैन/देखिँदैन । तसर्थ हुनै नसक्ने उद्‌घोष गरेर काँग्रेस, एमाले गठवन्धनको सरकारले फेरि एकपल्ट जनतालाई उल्लु बनाउन लागेको आभास पाउन थालिएको छ ।

संविधानसभाको दोस्रो निर्वाचनमा जनताले संविधान निर्माण गर्न आ-आफ्ना प्रतिनिधि पठाएका हुन् । उनीहरुले नै प्रतिवद्धता जनाएअनुसार एकवर्षभित्रमा संविधान निर्माण गरी त्यही संविधानका आधारमा स्थानीय निकायको चुनाव गराएको खण्डमा जनताले सही रुपमा स्थानीय तहमा जनप्रतिनिधिहरु पाउन सक्छन् । नयाँ संविधानमा मुलुक संघीयतामा जाने निश्चित जस्तै रहेको छ । मुलुक संघीयतामा गएपछि अहिले भएका अञ्चल, जिल्ला, नगर र गाउँ विकास समितिका सिमानाहरु, वडाहरु थपघट हुन सक्ने र संघीयताको मोडल कस्तो हुने भन्ने प्रष्ट नपारिएको अवस्थामा स्थानीय निकायको चुनावको औचित्यमाथि नै प्रश्न उठ्‌न सक्छ । यी सबै कारणहरुले गर्दा बरु संविधानसभाले एकवर्ष होइन ६ महिनाभित्रमा संविधान निर्माण गरी लागू गर्न सकेको खण्डमा त्यसपछि त्यही नयाँ संविधानका आधारमा स्थानीय निकायको चुनाव गराउनु सबै हिसाबले उचित देखिन्छ । स्थानीय निकायको चुनाव लोकतन्त्रको आधार हो । तल्लो तह बलियो भएमात्र त्यसले माथिल्लो तहलाई बल पुऱ्याउँछ तर चुनावकै लागि मात्र स्थानीय निकायको चुनाव गराउने हो भने त्यसले लोकतन्त्रलाई बलियो होइन, धरासायी मात्र बनाउने भएको हुनाले अब सबै दलको ध्यान संविधान निर्माणमै केन्द्रित हुनु आवश्यक छ । सरकारले पनि उडन्ते कुरा गर्नुभन्दा संविधान निर्माणलाई आवश्यक पर्ने कानुनहरु निर्माण गर्न संविधानसभालाई बल पुऱ्याउनै पर्दछ ।

जेष्ठ असारमा स्थानीय निकायको गराउने नै हो भने एकवर्षभित्रमा किमार्थ संविधान बन्न सक्दैन । स्थानीय निकायको चुनावमा सबै दलका शीर्ष नेताहरु र नेताहरु चुनावमा केन्द्रित हुने र उनीहरु गाउँ गाउँमा जाने भएका हुनाले संविधान निर्माणको कार्यमा नै अवरोध सिर्जना हुन सक्ने प्रष्ट रुपमै देखिएको छ । झन्डै एक महिनादेखि नियमावली नै बनाउन नसक्ने संविधानसभाले पछि स्थानीय निकायको चुनावलाई देखाएर संविधान निर्माण गर्न सकिएन भन्ने अवस्था रहेको हुनाले ६ महिनाभित्रमा स्थानीय निकायको चुनाव नहुँदा आकाश खस्दैन, धर्ती फाट्‌दैन । त्यसैले पहिला दलहरु संविधान निर्माणमा लाग्नुपर्ने हाम्रो ठहर छ ।

# विवाद गरे संविधान निर्माणमा अवरोध

*देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचन भएको झण्डै चार महिना पुग्न लाग्दा पनि संविधानसभाले संविधान लेखन प्रक्रियालाई अगाडि बढाउन सकेको छैन । संविधानसभाको पहिलो बैठक माघ ८ गते बसेका थियो । माघ ८ गतेदेखि आजसम्ममा संविधानसभाको बैठक ९ पटक बसेपनि ति बैठकहरू औपचारिकतामा मात्र सीमित भएका छन् । संविधानसभाले संविधानसभा नियमावली बनाउनका लागि माघ २९ गते सबै दलका सभासदहरूलाई सहभागी गराएर ४९ सदस्यीय संविधानसभा नियमावली समिति बनाएपनि उक्त समितिले पटक पटक समय थपेर मस्यौदा बनाउने प्रतिबद्धता जनाएपनि फागुन १० गते समाप्त भएको समितिको पदावधि फेरि फागुन १७ गतेसम्म थपेपनि मस्यौदा समिति सहमति गर्न असफल भएपछि पुनः फागुन २० गते बसेको संविधानसभाको बैठकले फागुन १७ गतेदेखि लागु हुने गरी १० दिन अर्थात् फागुन २७ गतेसम्मको लागि मिति थपेको छ । संविधानसभा नियमावली मस्यौदा समितिमा अधिकांश विषयहरूमा सहमति भएपनि केही महत्वपूर्ण विषयहरूमा सहमति हनु सकेको छैन । संविधानसभा सचिवालयले तयार गरेर प्रस्ताव गरेको नियमावली मस्यौदाका १ सय ५६ बुँदा मध्येका अधिकांश बुँदाहरूमा सहमति भएपनि नयाँ बन्ने संविधान कसले जारी गर्ने भन्ने विषयमा दलहरूबीच सहमति हुन सकेको छैन । यस बाहेक संविधानसभामा दबाबमूलक समूह ककस बनाउने कि नबनाउने र संविधानसभामा सभासदहरूलाई ह्विप लाग्ने कि नलाग्ने भन्ने विषयमै दलहरूबीच विवाद भएको हुनाले नियमावली मस्यौदा समितिले सहमति गराउन नसकेको हो ।

खास गरेर सत्ताधारी दलहरू भित्रै विवाद उब्जिएको छ । सत्ताको नेतृत्वकर्ता नेपाली कांग्रेसले नयाँ संविधान बनेपछि त्यसलाई राष्ट्रिपतिले प्रमाणिकरण गर्नुपर्ने अडान लिएको छ भने अर्को सत्ताधारी दल नेकपा एमाले संविधानभासका अध्यक्ष सभाध्यक्ष भएको हुनाले सभाध्यक्ष सुवास नेम्वाङले नै प्रमाणिकरण गर्नुपर्ने अडानमा रहेको हुनाले विवाद सिर्जना भएको हो । यो बाहेकका अन्य केही विषयहरूमा मोटामोटी सहमति भएको भएपनि केही ठूला दलहरूले संविधानसभाका सभाध्यक्षाको अधिकार पहिलो संविधानसभामा जस्तै दिनुपर्ने बताएका छन् भने केही साना दलहरूले सभाध्यक्षको अधिकार कटौती गर्नुपर्ने भन्दै मस्यौदा समितिमै विरोध जनाइरहेका छन् । पहिलो संविधानसभामा सबै दलहका जनजाति र आदिबासी सभासदहरू मिलेर संविधानसभालाई दबाब दिन भन्दै ककस गठन गरेका थिए । त्यही ककसको विरोधले पहिलो संविधानसभामा केही हदसम्म संविधान निर्माणमा अवरोध पुऱ्याएको हुनाले अब साच्चिकै दलहरूले संविधान निर्माण गर्ने हो भने ककसको आवश्यकता देखिँदैन । प्रायः सबै दलहरूमा जनजाति र आदिबासी सभासद रहेका हुनाले उनीहरूले आ-आफ्ना पार्टी मार्फत् नै त्यस्ता मुद्दाहरू उठाउन सक्ने भएका हुनाले ककसको आवश्यकता नै मस्यौदा समितिले स्वीकार गर्नु आवश्यक देखिँदैन । पहिलो संविधानसभामा दलित, मधेशी, महिला, आदिबासी, जनजाति मिलेर ककस बनाएका थिए । पहिलो संविधानसभामा पनि कांग्रेस, एमाले ककस नराख्ने पक्षमा थिए भने अहिले पनि ककसको विपक्षमा दुवै दल उभिएका भएपनि एमाओवादी भने त्यस विषयामा मौन रहेको छ । केही साना दलहरू भ्ने अहिले पनि ककसको पक्षमा रहेका हुनाले अब त्यस विषयमा विवाद गरिरहनुभन्दा नियमावली मस्यौदा समितिमा रहेका सदस्यहरूबाटै मतदानको प्रक्रिया अपनाएर भएपनि त्यो विवादलाई अन्त्य गरिनु उपयुक्त हुन्छ ।

नियमावली मस्यौदा समितिले संविधान निर्माणका लागि संविधानसभा बाहिर रहेका दलहरूसँग समेत छलफल र बसह गर्नका लागि सबै दलका शीर्ष नेताहरू रहेको अधिकारसहितको शक्तिशाली राजनीतिक संवाद समिति गठन हुनुपर्ने प्रस्ताव गरेको छ । सो समितिमा सबै दलका शीर्ष नेताहरू रहने सुनिश्चित गर्दै सो समितिमा रहेका व्यक्तिहरू अर्को एक समितिमा समेत रहन सक्ने व्यवस्था गरिएको हुनाले अब त्यही संवाद समितिले नै संविधानसभा बाहिर रहेका दलहरूसँग संवाद गरी एक वर्षभित्रमा संविधान निर्माण गरी जारी गर्ने व्यवस्था मिलाउने दायित्व पाएको हुनाले कांग्रेस, एमाले, एमाओवादी, राप्रपा नेपालसहितका अन्य दलहरूले संविधानसभा बाहिर रहेका दलहरूसँग संवाद चलाउनु आवश्यक छ । चुनाव सम्पन्न भएको झण्डै चार महिना पुग्न लाग्दा समेत संविधानसभाले विजनेश पाउन नसक्नुको दोष संविधानसभाकै हो । उसले आफैंले आफ्नो नियमावली बनाएर आफैंले त्यसलाई पारित गरी त्यसै अनुसार संविधान लेखनको कार्यलाई अघि बढाउनु पर्नेमा अहिले ठूला भनिएका दलहरू नै आरोप प्रत्यारोपमा उत्रिएका हुनाले अहिलेकै अवस्थामा एक वर्ष होइन पाँच वर्षभित्रमा पनि संविधान निर्माण हुन सक्दैन । संविधानसभाले काम सुरू गरेको एक महिना १६ दिन पुगिसकेको छ । यो अवधिका संविधानसभाको जम्मा ९ पटक मात्र बैठक बसेको छ । ९ पटकको बैठकको उपलब्धी भनेको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नु मात्र हो । संविधानसभाका अधिकांश बैठकहरू औपचारिकतामा मात्र सीमित भएका छन् । उनीहरूले विजनेश नपाएर केही गर्न नसकेको बताएपनि उनीहरूकै कारण संविधानसभा अहिले काम बिहीन अवस्थामा पुगेको छ । दलहरूबीच एउटा विवाद मिल्न लागेको बेला फेरि अर्को विवाद सिर्जना हुने गरेकाले संविधानसभा कामबिहीन अवस्थामा पुगेको हो । निर्वाचनको बेला प्रायः सबै दलले एक वर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिबद्धता जनातासामु जनाएका र समाध्यक्षले माघ ८ गतेदेखि नै एक वर्षे कार्याकाल सुरू हुन बताइसकेको अवस्थामा अबको १० महिनाभित्रमा संविधान निर्माण यिनै दलहरूले गर्छन् भन्ने विश्वासिला आधारहरू देखिएका छैनन् ।

कांग्रेस-एमाले बीचमै सहमति जुट्न नसकेका कारण संविधान निर्माणको कार्य नै अवरूद्ध भएको छ । शपथ खाएकै दिन यिनै दलका सभासदहरूले एक वर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिबद्धता जनाएका भएपनि अहिले यिनै दलभित्र संविधानसभा नियमावलीमा सहामति जुट्न नसक्नुको दोष कांग्रेस, एमालेले एक अर्कालाई लगाएर उनीहरू आरोप प्रत्यरोपमा उत्रिएका हुनाले अन्य दलहरू भने रमिते भएर रमिता हेरिरहेका छन् । संविधानसभा नियमावलीमा संविधानलाई कसले प्रमाणितकरण गर्ने र ह्विप लाग्ने किन नलाग्ने भन्ने विषयमा कांग्रेस, एमालेबीच विवाद भएको र त्यो विवाद अझै सुल्झिन सकेको छैन । २०६५सालमा निर्माण भएको नियमावलीमा भने संविधानसभाका सबै सदस्यहरूले हस्ताक्षर गरिसकेपछि संविधानसभाका अध्यक्षले प्रमाणिकरण गर्ने र एक सार्वजनिक समारोह मार्फत् संविधान राष्ट्रपतिलाई हस्तान्तरण गरेपछि नयाँ संविधान जारी हुने व्यवस्था गरिएकोमा त्यो नियमावली समेत त्रुटिपूर्ण रहेको थियो । सबै सदस्यहरूले हस्ताक्षर गरेपछि भनिएकोमा केही सदस्यहरूले हस्ताक्षर गर्न नमानेमा अर्थात् हस्ताक्षर गर्न अस्वीकार गरेको खण्डमा के गर्ने भन्ने उल्लेख नभएको हुनाले अब बन्ने नियमावलीमा प्रष्ट व्यवस्था हुनुदर्छ भन्ने आवाज संविधानसभा नियमावली मस्यौदा समितिमा रहेका सदस्यहरूले आजसम्म उठाउन नसक्नु सभासदहरूको अनविज्ञता बाहेक अन्य केही हुन सक्दैन । अन्तरिम संविधान र संविधानसभा नियमावली नै बाझिएका छन् । अन्तरिम संविधानभन्दा संविधानसभा नियमावली ठूलो हुन सक्दैन । नेपालको अन्तरिम संविधानमा कुनै विधेयक संविधानसभाबाट पारित भएपछि राष्ट्रपतिबाट प्रमाणिकरण भएपछि मात्र त्यो पारित भएको ठहरिन्छ भन्ने व्यवस्था गरिएको हुनाले नयाँ बन्ने संविधान पनि राष्ट्रपतिबाटै प्रमाणिकरण हुनुपर्ने कानुनी व्यवस्थालाई नजरअन्दाज गर्न सकिने अवस्था छैन । कांग्रेस एमालेबीच यही विषयमा विवाद भएको हुनाले अब अन्य दलहरूले समेत अब उचित राय दिनु पर्ने अवस्था देखिएको छ ।

अन्तरिम संविधानअनुसार राष्ट्रपतिले नै विधेयक प्रमाणिकरण गर्नुपर्ने व्यवस्था भएको हुनाले सोही अनुरूप हुनुपर्ने कांग्रेसको अडान भएपनि एमालेले भने साभाध्यक्षले नै प्रमाणिकरण गर्नु पर्ने पूर्ववत व्यवस्था परिवर्तन गर्न नहुने पक्षमा उभिएको हुनाले कांग्रेस, एमाले एकले आफ्नो अडान नछोडेको खण्डमा संविधानसभा नियमावली बन्न नै महिनौ लाग्न सक्छ । यो विषयमा मस्यौदा समितिमा पटक पटक छलफल र बहस भएपनि दुई ठूला दलबीच नै विवाद भएको हुनाले अब कसरी त्यो विषयलाई टुंगोमा पुऱ्याउन भन्ने विषयमा सबै दलका शीर्ष नेताहरू बसेर विवाद टुंग्याउनु पर्ने टड्कारो आवश्यकता देखिएको छ । एउटा सामान्य विषयलाई लिएर सविधान निर्माणको कार्यलाई अवरोध पुऱ्याउनु भनेको संविधान निर्माण गर्न नचाहनु नै हो भन्ने पनि दलहरूमाथि अरोप लाग्न सक्ने भएको हुनाले जति सक्दो छिटो त्यो विवाद समाप्त हुनुपर्छ ।

कांग्रेस, एमालेबीच उत्पन्न भएको विवादमा एमाओवादी मौन रहनुको पछाडि कुनै उद्देश्य हुन सक्छ ? यी दुई दलबीच उत्पन्न भएको विवादका सम्बन्धमा अन्तर्राष्ट्रिय प्रचलन र संवैधानिक व्यवस्थालाई नियमावलीले कुनै हालतमा पनि परिवर्तन गर्न सक्दैन । विधिसँग जोडिएका लोकतान्त्रिक पद्दतिलाई कुनै एउटा दलले अस्वीकार गर्न पाउनु पर्छ भन्नु लोकतान्त्रिक पद्दति र लोकतान्त्रिक अभ्यासमाथिको प्रहार हो । नयाँ नयाँ विधि र प्रक्रिया अपनाएर संविधान निर्माणको कार्यलाई अवरोध पुऱ्याउनुभन्दा अन्तर्राष्ट्रिय पद्दति र लोकतान्त्रिक अभ्यासको आधारमा विवादित विषयहरू टुंग्याएर लोकतान्त्रिक पद्दति अनुसार नै लोकतान्त्रिक संविधान निर्माणमा लाग्नु दलहरूको पहिलो कर्तव्य र दायित्व भए पनि अहिले दलहरू आफ्नो दायित्व र कर्तव्यबाट चुक्न थालेका हुन् कि भन्ने आशंका समेत जनतामा उब्जिएको छ । विधि र प्रक्रिया उल्लंघन गरेर निर्माण गरिएको संविधानको कुनै अर्थ रहँदैन । नेकपा-माओवादीसहितका अन्य केही दलहरूले यो संविधानसभाले संविधान नै निर्मण गर्न नसक्ने सार्वजनिक अभिव्यक्ति दिइरहेका बेला सत्ताधारी दुई ठूला दलबीचमै नियमावली मस्यौदामै विवाद उत्पन्न भएर संविधान निर्माण कार्य मै अवरोध पुग्नले नेकपा-माओवादीले भनेको संविधान निर्माण नै नहुने आशंकालाई बल पुग्ने गएको छ ।

कांग्रेस एमालेबीच लामो समयसम्म यही विषयमा विवाद रहीरहे संविधान निर्माणमै अवरोध पुग्ने हुनाले भरिसक्य सहमतिमै निमावली निर्माण गर्ने प्रयास गरिनु उपयुक्त हुनेछ । कथमकदाचित सहमति जुट्न नसकेको खण्डमा संविधानसभा नियमावली मस्यौदा समितिमा रहेका ४९ जना सभासदहरूबाटै गोप्य मतदान गरेरै भएपनि त्यसैबाट निष्कर्ष निकाल्नु उपयुक्त हुनेछ । बहुमतले जे स्वीकार गर्छ अल्पमतले त्यसलाई स्वीकार गर्दै अब संविधान निर्माणको प्रक्रियालाई अघि बढाउनै पर्छ । चुनावका बेला दलहरूले जनतालाई दिएका आश्वासनहरू र प्रतिबद्धताहरू पुरा नभएको खण्डमा त्यसको प्रत्यक्ष फाइदा संविधानसभा बाहिर रहेका दलहरू पुग्ने भएको हुनाले अब सत्ताधारी दल र संसदमा रहेका अन्य दलहरूले आरोप प्रत्यारोप गर्न छोडेर सहमति र लोकतान्त्रिक पद्दति अनुसार संविधान निर्माणलाई अघि बढाउनै पर्दछ । विवाद गरेर समय खेल फाल्ने अहिलेको अवस्था होइन भन्ने दलहरूले बुझ्नु ।

*devendrachudal@gmail.com*

# युवालाई नेतृत्व, नेपालको महत्व



राजन कार्की

नयाँ ऋतु आउँछ, नयाँ पात पलाउँछन् र वृक्ष फुल्छ, फल्छ र ढकमक्क देखिन्छ, छहारी दिन सक्षम हुन्छ । घडीको सुई अग्रगामी सूचक हुन्, यही हो प्रकृति र परिवर्तन । नेपाली राजनीतिमा परिवर्तन त आयो तर यो परिवर्तन युवाशक्ति र आम जनताको मुहारमा पीडामात्र भएर छायो । परिवर्तनको वसन्तपर्व राजनीतिक दलहरूको बन्धकमा पऱ्यो, साझा बहार बन्न सकेन ।

मान्छे विवेकशील भएकाले ऊ हरदम केही नयाँ खोज्छ, केही नयाँ गर्छ । प्रत्येक नागरिकमा देखिने परिवर्तनको भाव, उसले गर्ने उद्दम, उसभित्रको शीप र कौशलले जब निखारिने अवसर पाउँछ तव मुलुक सुशासन, समृद्धशाली भएर परिवर्तित हुँदै जान्छ । नेपाल र नेपालीका सन्दर्भलाई परिवर्तनको कसीमा घोट्दा भ्रष्टाचारको दलदलभन्दा केही देखिन्न । परिवर्तन सुन हुनसकेन, पित्तल बन्यो । किन हामी त्यो अमानवीय भ्रष्टाचारबाट निस्किन सकेनौं, त्यही दलदलमा झन झन भासिदै गएका छौं, यो वर्तमान कालखण्डको यक्ष प्रश्न हो । यो सवालको जवाफ खोज्ने जिम्मेवारी हामी नागरिककै हो ।

किनभने पुरानो पुस्ताले सकेन, नयाँ पुस्ता अघि सरेन । युवाहरूलाई उठ्नै दिइएन । युवा हुन् परिवर्तनका बाहक, सुशासन र निर्माणका साधक । नेपालका सन्दर्भमा जति पनि राजनीतिक परिवर्तन भएका छन्, युवाको हौसलाका प्रतीक हुन् । तर, त्यो परिवर्तनलाई युवाले चाहेजसरी उपयोग गर्न रोकियो, बुढो पुस्ता बाधक बनिदियो । निराश युवा पुस्ताले बुढो पुस्तालाई उछिन्ने साहस र आँट देखाएन, उसको मर्यादाले दिएन । अनेक कारणले युवापुस्ता विदेशी धर्तीतिर आकर्षित भएको लामो समय भइसक्यो । जसरी पनि विदेश जाने, सके युरोप-अमेरिका छिर्ने, नसके खाडी मुलुक वा भारतमै भए पनि पलायन हुने प्रवृत्ति ह्वात्तै बढेको छ । विदेश छिर्न सके अवसर पाइन्थ्यो, रोजगारी मिल्थ्यो, भविष्य बन्थ्यो, जहानबच्चा, पितामाताको हेरविचार गर्न सकिन्थ्यो भन्ने विश्वासले घर गरेको छ युवा मानसिकतामा । बीसमा उनाइस युवालाई सोध्नोस्, यो देशमा केही छैन, केही हुन्न, अवसर पाइन्न, गरिखान दिइन्न भनेर धकै नमानी नैराश्यता प्रकट गर्छ । युवाजमातको विदेश पलायन हुने यो झिल्को यतिखेर डढेलो बनिसकेको छ । गाउँ गाउँ युवाविहीन हुन थालिसकेको छ । थामिनसक्नु, झेलिनसक्नु, सुधारिनसक्नुको यो युवा पलायनको महामारीको जिम्मेवार को ? मुलुकलाइ यसरी खोक्रो पार्ने नेतृत्व कुन अग्रगमनको, कुन देशभक्तिको, कुन निर्माण र प्रगतिको कुरा गरिरहेको छ ? यस्तो तन्नम र तुहिएको राजनीति कहिले पार लाग्ला ? कसरी मुलुकको तारणहार बन्ला ?

हिजो जनयुद्धका नाममा छलयुद्ध ( विदेशी संरक्षणमा लुकेर र ढुकेर हान्ने) गर्नेहरूको अनुहार कति देशभक्तिपूर्ण रहेछ, दुईवर्ष अघि नै अलजजिरा टिभीबाट भारतका विदेशमन्त्रीले (हालका राष्ट्रपति प्रणव मुखर्जी) प्रष्ट पारिदिएका थिए भने आज त्यही पार्टीभित्रबाट 'र'सँगको उठबस के हो ? भनेर प्रश्न उठिरहेबाट छर्लङ्ग भइसकेको छ । यिनै हुन् नेपाललाई उत्तर वा दक्षिणतिर मर्ज हुनसक्छ भनेर अस्तित्वको नयाँ त्रासदी खडा गर्नेहरू । समाजवाद र जनवादको बिडा उठाउनेहरूको कूशासन र अवसरवाद पनि देखिएकै हो । तिनै द्रव्यपिचास र असूर प्रवृत्ति बोकेकाहरू आफूलाई परिवर्तनकारी ठान्छन्, पटक पटक सत्ता र शक्तिमा पुग्छन् र भ्रष्टाचारमात्र गर्छन् । अर्जुनदृष्टिका चाखलाग्दा भाषण गर्छन् र दुशासन व्यवहार देखाइरहेका छन् । यिनले राज्यका संयन्त्रहरू, सुरक्षा निकायमा यसरी राजनीतिक भ्रष्टाचारीकरणको बिउ छरेका छन् कि ती बीउ विष वृक्ष बनेर मुलुकलाई असफल राष्ट्रको कोटीमा पुऱ्याइसकेका छन् । वर्तमानमा नेपाल भनेको भ्रष्टाचारी, दण्डहीन, आपराधिक मुलुक बन्न पुगेको छ ।

स्याउँस्याउँ भ्रष्टाचार सलबलाएका छन् । कहाँ छैन भ्रष्टाचार ? गाविसदेखि जिविससम्म, निर्वाचनदेखि संविधानसभासम्म, प्रजिअदेखि मन्त्रालयसम्म, कार्यकर्तादेखि नेतासम्म, नून, तेल, पानीदेखि औषधिसम्म जहाँ हेरे पनि भ्रष्टाचारै भ्रष्टाचार । उद्यम, व्यापार, आयात, निर्यात, उत्पादन, बिक्री जता पनि भ्रष्टाचार । परीक्षा, नतिजा, नियुक्ती, सरूवा, बढुवामा पनि भ्रष्टाचार । न्याय र कानुन, सुरक्षा र शान्तिका नाममा समेत भ्रष्टाचार व्याप्त छ । गरिवी निवारण कोषमा लूट छ, कतै खातैखात कतै पुर्पुरोमा हात छ । भ्रष्टाचारको धुलोले शासन, सत्तालाई प्रदूषणयुक्त बनाइदिएको छ । भ्रष्टाचारले आपराधिकरण बढाइरहेको छ र अपराधीहरूका लागि राजनीतिक नेता र पार्टी चोखिने बाइसधारा बनेका छन् । संविधानसभाको जनप्रतिनिधित्व गर्ने सभासद्को किनबेचको भ्रष्टाचारिकरणले संविधानसभालाई कलकित पारिदिएको छ । यस्ता सभासद् रहेको संविधानसभाले निर्माण गर्ने संविधान र कानुन कति न्यायसंगत, पवित्र र सर्वमान्य दस्तावेज बन्ल, सहज रूपमा आशंका उठ्छ ।

यो खुला भ्रष्टाचारमय रमिता हेर्न सकेन युवाले, हतासियो र विदेशतिर बतासियो युवा मन । भ्रष्टाचारको जालो चिर्ने र च्यात्नुपर्ने युवाले हो । युवा हार खाएर देशबाहिर भाग्दैछन् । जो स्वदेशमा छन् उनीहरू बूढो पुस्ताको बसमा छन्, चक्रव्यूहमा छन् र नेतृत्व तहमा पुग्न सकिरहेका देखिदैनन् । सुशील, प्रचण्ड, झलनाथ अथवा माधव नेपालहरू युवालाई मुलुकको नेतृत्व सुम्पन तैयार छैनन । आज पनि युवा भनेका उनीहरूका औजार हुन्, जो सत्ता र शक्ति प्राप्तिका लागि हुलदंगामा प्रयोग हुने निर्जिव इटा, ढुंगाभन्दा भिन्न देखिन्नन् । जब युवाको यतिबिघ्न अपमान हुन्छ, तिनका सपनाको बलात्कार हुन्छ, त्यो मुलुकले सुशासनको मुख हेर्न पाएन भनेर के दुःखमनाउ गर्नु ? युवा अग्रसर नभएसम्म मुलुक र मुलुकबासीको यस्तो दुर्दसा कति देखिन्छ, देखिन्छ । विचारलाई बाहुबलले निचोरेपछि देशले यस्तै महगो मूल्य चुकाउनु पर्छ ।

लक्ष्य र सिद्धान्तहीन राजनीति, भ्रष्ट नेता, नैतिकहीन अधिकारकर्मी र बुद्धिजीवी, भरौटे प्रशासन, झोले कार्यकर्ताले भरिपूर्ण मुलुक भएको छ नेपाल । यहाँ शुद्धताको, समानताको, सौर्यको कुरा गर्नु बेकार छ । सबै भ्रष्टाचारका प्रतीक बनेका छन् र त्यही मेलामा रमाइरहेका छन् सुरक्षा निकाय पनि । भ्रष्टाचारमाथि हस्तक्षेप गर्न कोही तैयार छैन । नेपाल बिमार छ, बिमारीको कुनै ओखती देखिदैन । नियन्त्रण नहुँदा सन्तुलन बिग्रिएको छ । ओखती हो युवा जसले नेतृत्व पायो भने भ्रष्टाचार, आपराधिकरणको जालो फाड्न सक्छ तर प्रचूर सम्भाबना बोकेको युवा जमातलाई नेतृत्व दिने र तिनीहरू भित्रको देशभक्ति जगाइदिने कोही भएन । खरावहरूको बीचबाट कम खरावलाई छान्दै भर्खर संवधानसभाको निर्वाचन सम्पन्न त भयो तर सपथ नखाँदै, बैठक नबस्दै यति धेरै बिकृति र बिसंगति देखिइसक्यो कि सगर थाम्ने मै हुँ भन्ने हुटिट्याउँजस्तो चाला यिनले देखाउन थालिसकेका छन् । संविधानसभालाई सर्वौषधि ठानेर संविधानसभाकै दोस्रो निर्वाचन किन गर्नुपऱ्यो ? यो प्रश्नको गहनता र महत्व पार्टीहरूले नबुझेर सत्तातिर सूर्यमुखी बनेको देख्दा यिनीहरू फेरि चिलौनेको ठुटो साबित हुने त होइनन् ? आशंका बढ्न थालेको छ ।

खरावी प्रणालीमा थिएन, पद्धतिमा पनि छैन । लोकतन्त्र अँगालेका मुलुकहरू यही पद्धतिलाई राजमार्ग बनाएर समानता र सम्पन्नताको शिखरमा आरोहण गरिरहेका छन् । त्यसैले निकास युवामा खोज्नुपर्छ । मानव निकासी गरेर कुनै मुलुक पनि सम्पन्न भएको छैन । युवा पलायन भएका मुलुक अस्तित्वरक्षाका लागि जुधिरहेका छन् । विदेशपरस्त नेता भएका धेरै मुलुकले अस्तित्व गुमाइसकेको छ । नेपालको अस्तित्वरक्षा गर्ने, नेपालीत्व बचाउने र सुशासन स्थापित गर्ने हो भने जसरी सिंगापुर र ताइवानले युवा परिचालनको ऐतिहासिक निर्णय लिएका थिए, त्यसै गरेर नेपालले पनि यौटा साहसिक निर्णय लिनेबेला भयो । त्यो साहसिक निर्णयका लागि मुलुकप्रति सबै तह र तप्काका जिम्मेवार नागरिकहरूले दबाब सिर्जना गर्नुपर्छ । देशले थप बिवंश सहन गर्ने क्षमता गुमाउँदै गइसक्यो ।

'सिंगापुर पद्धति' भनेको भ्रष्टाचारले क्षतबिक्षत भइसकेको सिंगापुरमा सुशासनको पुनःर्जन्म हो । सिंगापुर जब भ्रष्टाचारको दलदलमा भासिएको थियो, एकाएक इमानदार, योग्य र क्षमतावान युवाहरूलाई सरकारी सेवामा आकर्षित गरियो र विद्यमान कर्मचारीहरूलाई धेरै तलवभत्ता बढाइयो । जव सरकारी कार्यालयमा युवाको प्रवेश भयो, भ्रष्टाचार यसरी ठप्प भयो कि सेवाग्राही आम जनताले सेवा पाउनथाले, जसको जगमा आजको एसियाको युरोप बन्न सफल भयो सिंगापुर । यस्तै हालत थियो ताइवानको । राजनीतिक अराजकताले अस्थिरता र आपराधिकरण व्याप्त भयो । के गर्ने, के नगर्ने भन्ने स्थितिमा एकाएक प्रिन्स्टन विश्वविद्यालयका स्नातक, विद्यावारिधि गरेका विद्यार्थीहरूलाई राजनीतिक र आर्थिक सल्लाहकारमा नियुक्त गरियो । कतिपय कर्मचारी, नीतिकार र योजनाकार बने । युवाले बनाएको नीतिका कार्यान्वयनकर्ता युवा नै भए । फलतः ताइवान सम्पन्नता र प्रगतिको उकालो उक्लन सफल भयो । दक्षिण कोरियाको सम्पन्नताको इतिहास पनि त्यस्तै छ । युवा र बिगहाउसहरू विदेश पलायन भए । कोरियाले ती सबैलाई स्वदेश फर्कन आकर्षित गऱ्यो र विदेशमा सिकेका सिपलाई स्वदेशमै उपयोग गर्नसकिने उपयुक्त वातावरण बनाइदियो । फलत आज दक्षिण कोरिया उद्यम, उत्पादन र निर्यातको शिखरमा पुगेको छ ।

नेपालमा उर्जाशील, उद्यमी, नैतिकवान र इमानदार युवाहरू जति पनि छन् । अवसर पाए पलायन भएका युवाहरू स्वदेश फर्कन तैयार छन् । किन नेपालले 'सिंगापुर, ताइवान, कोरिया पद्धति' नअपनाउने ? जब युवाहरू आफ्नै देशप्रति आकर्षित हुनेछन्, तव सुशासनको झल्का देखिन थाल्छ र अराजकता निर्माणशक्ति बन्न बाध्य हुनेछ । आजका युवा देश निर्माणमा लाग्दा आगामी पुस्ताले वर्तमान पुस्ताले झैं आफ्नो स्वाभिमानमाथि बलात्कार भएको पीडा खेप्नु र खप्नुपर्ने छैन । यही हो भावी नेपालको सशक्तिकरण, सुरक्षाको प्रत्याभूति । युवालाई देशभित्रैका क्षमताअनुसारका कर्ममा क्रियाशील बनाएर किन निर्माण र नविकरण नगर्ने ? आज देशलाई युवाको खाँचो छ, युवा छन् तर खाँचो पूर्ति गर्न गराउन युवाका पक्षमा कोही बोलिरहेका छैनन् । युवाले पनि पलायन हुन सजिलो ठानेर आत्मकेन्द्रीत हुनुभन्दा आफ्नै भूमिमा टेकेर केही गर्न कम्मर कस्नु जरूरी छ । यसैमा देशको अस्तित्व सुरक्षित हुनेछ ।



# युद्ध सकियो, पीडा सकिएन

*खेमबहादुर बुढा*

'छोरा फर्कने आशमा रुँदै बसेको ११ वर्ष बित्यो, छोरा आएन,' श्रीमान्‌को हत्यापछि छोरा बेपत्ता पारिएकी कोटगाउँ-४ रोल्पाकी ५७ वर्षीया मेघमाली बुढामगर भन्छिन्, 'हामी पीडितबारे न सरकार, न त माओवादी कोही पनि भएनन् ।' युद्धका कारण एकल हुन पुगेकी बुढामगरको आँखा अझै ओभाएका छैनन् । मेघमालीको मात्र होइन, युद्धका बेला पति गुमाएका थुप्रै रोल्पालीको आँसु अझै बगिरहेको छ ।

तत्कालीन विद्रोही नेकपा माओवादीले ०५८ सालमा पति प्रसाद बुढामगरको हत्या गरिदिएपछि विक्षिप्त बनेकी मेघमालीको जेठो छोरा हीराबहादुर बुढामगरलाई तत्कालीन शाही नेपाली सेनाले बेपत्ता पारिदियो । 'श्रीमान्‌को हत्याले रुँदै दिन बिताइरहेकी थिएँ । छोरालाई पनि सेनाले बेपत्ता बनाइदियो,' मेघमाली भन्छिन्, 'श्रीमान्‌को त शव पाएँ । छोराको त न लास छ न सास नै ।' राज्य र विद्रोही दुवै पक्षबाट पीडित भएकी उनले शान्तिप्रक्रियापछि पनि कसैले न्याय नदिएको गुनासो पोखिन् ।

घरैबाट आफ्नो पतिलाई पक्राउ गरी लगेका माओवादीले पतिको हत्या गरी नजिकैको खोलामा फ्याँकिदिएका थिए । 'राति बन्दुक पड्केको आवाज आयो । बिहानपख गाउँलेले खोलामा लास छ भनेपछि हेर्न गएँ,' मेघमालीले गहभरि आँसु छचल्काउँदै भनिन्, 'जाँदाखेरि मृत अवस्थामा खोलामा मेरै श्रीमान्‌को लास पल्टिएको भेट्टाएँ ।' श्रीमान्‌को हत्यालगत्तै ०५९ सालमा जेठो छोरालाई घोराही ब्यारेकका सेनाले गिरफ्तार गरी बेपत्ता बनाएको थियो । घोराहीमा अध्ययनरत भाइलाई भेट्न गएका हीरा बेपत्ता भएका थिए । 'ब्यारेकको जेलमा छ भन्ने सुनेर भेट्न गएँ । यहाँ छैन भनेर फर्काए सेनाले,' मेघमाली भन्छिन्, 'शान्तिप्रक्रिया सुरू भएपछि छोरा आउने आशा पलाएको थियो, अहिलेसम्म पनि आएन ।'

'२३ वर्षकै उमेरमा जीवनसाथीको हत्या भयो,' थवाङ-६ रोल्पाकी पूर्णकुमारी रोकामगरको आँखाको डिलसम्म आँसु छचल्कियो, 'त्यतिबेला छोरी दुई महिनाकी थिई । यसलाई कसरी हुर्काइरहेकी छु भन्ने मलाई मात्र थाहा छ । श्रीमान् नहुँदाको अभावमय जीवन बाँच्नुको पीडा मसँग मनग्य छन् ।'

श्रीमान् लालमणि रोकामगरलाई ०५९ वैशाखमा सेनाले हत्या गरिदिएपछि एकलजीवन बाँचिरहेको रोका बताउँछिन् । श्रीमान्‌को हत्याको शोकमा डुबेकै बेला ०५९ भदौमै पूर्णकुमारीका ससुरा दुटे रोकामगरलाई पनि सेनाले हत्या गरिदिएपछि उनको परिवार थप शोकमा पर्‍यो । उनकी छोरी अहिले ११ वर्षकी भइन् । श्रीमान् र ससुरा गुमाएपछिको घर-व्यवहार चलाउन हम्मेहम्मे भएको उनी बताउँछिन् ।

ससुरा र पतीको हत्या भएपछि उनकी सासू र पूर्णकुमारी एकल हुनुपर्‍यो । एकल सासूसँगै दुःख-सुख जिउँदै आएकी उनी सासूले समेत छोडेर गएपछि थप शोकमा छिन् । ७० वर्षीया सासू सिर्जना रोकामगरको ०६९ जेठमा मृत्यु भयो । सासूको मृत्युपछि पूर्णकुमारी छोरीको एक्लो अभिभावक भएकी छिन् । उनकी छोरी कक्षा ६ मा अध्ययन गर्दै छिन् अहिले । छोरीकै स्याहारसुसार र भविष्यका लागि उनले गाउँमै सङ्घर्ष गरिरहेकी छिन् । विगतको सशस्त्र युद्धका बेला पति गुमाएका मेघमाली र पूर्णकुमारीका पीडा हिजोका युद्धका प्रतिनिधि कथा हुन् । द्वन्द्वका क्रममा रोल्पामा राज्य र विद्रोही पक्षबाट एकल भएका थुप्रै पूर्णकुमारीले कष्टपूर्ण जिन्दगी जिउनु परिरहेको छ । धवाङकी तुला वलीको पनि युद्धकै बेला सिन्दुर पुछियो । तत्कालीन विद्रोही नेकपा माओवादीले उनको श्रीमान्‌लाई अपहरण गरी बेपत्ता बनाइदिए । वली अहिले लिवाङमा नास्ता पसल चलाएर बालबच्चा पढाउँदै छिन् ।

**राजनीतिक दलहरूको पीडितप्रतिको गैरजिम्मेवारपनले एकल महिलालाई थप पीडित बनाएको छ। युद्ध सकिए पनि पीडितको मनमा अमनचयन आएको छैन।**

थवाङकी मुलसरी घर्तीमगरले छोरी गर्भमै भएको वेला कलिलो उमेरमै आफ्नो पति गुमाएकी थिइन् । सहिदपत्नी उनी अहिले माइतीमा बस्दै आएकी छिन् । 'पतिको हत्यापछि छोरीको मुख हेर्दै चित्त बुझाइरहेको बेला चार वर्षको उमेरमै छोरीको पनि मृत्यु भयो,' घर्तीमगर भन्छिन्, 'घरमा कोही छैन । सहाराविहीन भएर माइतीमा बसेर दुःखका साथ बाँचिरहेकी छु ।'

युद्धमा श्रीमान् गुमाएका रोल्पाका एकल महिला अहिले कष्टमय जीवन बाँचिरहेका छन् । 'युद्धपीडित उनीहरूले न्याय पाउने त कुरै छाडौँ उल्टो सामाजिक रूपमा वञ्चितीकरणमा परेको अवस्था छ,' मानवअधिकारवादी संस्था हरप्लेसका तालिम अधिकृत धनराज विक भन्छन् । पति गुमाएपछि घरको सबै जिम्मेवारी उनीहरूले निर्वाह गर्दा कठिनाइ भएको छ । नेपाल सरकारले दिएको तीन लाख रूपैयाँ घरखर्च गर्नमै सकिने गरेको छ ।

अधिकांश एकल महिला आर्थिक अभावले छटपटाइरहेका छन् । जसले बालबालिकाको शिक्षामा असर परेको छ । 'देशमा अस्थिर राजनीतिक अवस्था लम्बिँदै गएको छ । सङ्क्रमणकाल, दण्डहीनता, कानुनको पूर्ण कार्यान्वयनको अभाव र बढ्दै गएको सामाजिक असुरक्षाले एकल महिलाको जीवनमा गहिरो असर परिरहेको छ,' महिला मानवअधिकारका लागि एकल महिला समूह रोल्पाकी अध्यक्ष तुलसा आचार्य भन्छिन्, 'उनीहरूलाई सीपमूलक तालिम दिएर आयआर्जनमा सघाउन सरकारले पहल गर्नुपर्छ । समाजमा हुने विभेदबाट मुक्त गर्नुपर्छ ।'

राजनीतिक दलहरूको पीडितप्रतिको गैरजिम्मेवारपनले एकल महिलालाई थप पीडित बनाएको छ । युद्ध सकिए पनि पीडितको मनमा अमनचयन आएको छैन । राज्यको बेवास्ताले पतिको बलिदान र रगत फगत भएको महसुस गरिरहेका छन् उनीहरु । युद्धमा पति मारिए पनि सरकारले हेर्ला भन्ने आश थियो । छोराछोरीले पढ्न पाउलान् भन्ने आश थियो । दल र सरकारबाट केही हुन्छ भन्ने थियो यहाँका द्वन्द्वपीडित एकल महिलामा । 'अँहँ, उल्टो भयो सबै अपेक्षा,' एकल महिला सीता केसी भन्छिन्, 'श्रीमान् मारिएपछि उनीहरु बारी र खेतमा हलो जोत्न विवश छन् । खेतबारी जोतेको, छोराछोरी पढाए-नपढाएको, चाडपर्वमा रमाएको या रोएको केही चिन्ता भएन नेता र सरकारलाई ।'

जिल्ला प्रशासन कार्यालय रोल्पाका अनुसार युद्धका बेला रोल्पामा एक हजार ८४ जना मारिएका थिए । तीन हजार ६ सय ८० जना विस्थापित भएका थिए । एक सय तीनजना बेपत्ता भए र दुई सय २६ जना बालबालिका टुहुरा हुन पुगे । हरप्लेसको तथ्याङ्कअनुसार युद्धका कारण रोल्पामा तीन सय ६८ जना महिला एकल भएका छन् । अहिले उनीहरूमध्ये धेरै कष्टप्रद जीवन बिताइरहेका छन् । जेलवाङ गाविसमा द्वन्द्वको बेला सबैभन्दा बढी ७३ जना मारिएका थिए । त्यसैगरी गाम गाविसमा २२, उवामा १३, थवाङमा ११, धवाङमा ११, लिवाङमा १३, कोटगाउँमा ८, जंकोटमा १३, कोर्चावाङमा ९, घर्तीगाउँमा ११, भावाङमा १३ मारिएका थिए । श्रीमान् मारिएपछि एकल हुन पुगेकाहरु अहिले पनि वियोगले थलिएका छन् ।

पति मृतक र बेपत्ता पारिएबापत जनही तीन लाख जिल्ला प्रशासन कार्यालयमार्फत रोल्पाका तीन सय २३ एकल महिलालाई वितरण गरिएको छ । १० लाख वितरण गरिने नेपाल सरकारले घोषणा गरे पनि बाँकी सात लाख अझै नपाएको जिल्ला प्रशासन कार्यालय रोल्पाका सहायक प्रमुख जिल्ला अधिकारी धनबहादुर केसी बताउँछन् । जीविकोपार्जनमा सघाउ पुर्‍याउन जिल्ला विकास समितिले द्वन्द्वपीडित एकल महिलालाई एकमुष्ट जनही २५ हजार उपलब्ध गराएको स्थानीय विकास अधिकारी हीरालाल रेग्मी बताउँछन् । सरकारी निकायबाट दिइएको रकम परिचालन र उपयोग नभई घरायसी खर्चमै एकल महिलाले सकाउने गरेका छन् । *सञ्चारिका*



# संक्रमणकालीन न्यायका आयाम

**दीपक शर्मा**

नेपालमा ०५२ देखि ०६३ मंसिर ५ सम्म सशस्त्र द्वन्द्व मच्चेको जगजाहेर नै छ । सो द्वन्द्वका क्रममा लगभग तेह्र हजारभन्दा बढी मानिसले ज्यान गुमाए भने करिब १५ सयभन्दा बढी मानिस अझै बेपत्ता छन् । त्यस्तै द्वन्द्वका दौरान द्वन्द्वरत पक्षको शारीरिक र मानसिक अत्याचार सहन नसकेर हजारौं मानिस आन्तरिक विस्थापनको सिकार बन्न बाध्य भए । द्वन्द्वरत पक्षले युद्धका नियम बारम्बार मिचिरहँदा धेरै मानिस यातना, बलात्कारजस्ता हिंसाको चरम चपेटामा परे । द्वन्द्वका क्रममा भएका अमानवीय हिंसा अन्त्य गर्दै ०६३ मंसिर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भयो भयो । विस्तृत शान्ति सम्झौताका केही बुँदा, जस्तै- ५.२.३ मा भनिएको छ- 'दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुर गर्छन् ।' यस बुँदाले नेपालमा द्वन्द्वका समयमा मानिस मारिएको र बेपत्ता पारिएको सन्दर्भलाई थप पुष्टि गरेको छ । त्यस्तै अर्को बुँदा ५.२.५ मा 'दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लंघन गर्ने तथा मानवताविरूद्धको अपराधमा संलग्नबारे सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन्' भनिएको छ । यस बुँदाले समग्रतामा नेपालमा द्वन्द्वका दौरान मानवअधिकार र मानवीय कानुनको उल्लंघन भएको कुरा स्वीकार गरिएको छ । त्यस्तै अन्य बुँदामा उच्चस्तरीय बेपत्ता छानबिन आयोग निर्माण गर्ने र द्वन्द्वपीडितलाई न्याय दिने कुरा बारम्बार उल्लेख गरिएका छन् ।

यिनै सहमति र बुँदालाई आधार मानेर हेर्दा सरकार नेपालमा संक्रमणकालीन न्याय संरचनाका माध्यमले द्वन्द्वका वेला भएका मानवअधिकार उल्लंघनका अपराध सम्बन्धमा सत्यतथ्य पत्ता लगाई पीडितलाई परिपूरण प्रदान गर्न र पीडकलाई जवाफदेही बनाई समाजमा न्यायको प्रत्याभूति दिलाई मेलमिलापको वातावरण सिर्जना गर्न चाहन्छ भनेर बुझ्न सकिन्छ । जस्तै- सशस्त्र द्वन्द्व, सैनिक शासन वा तानाशाही शासन व्यवस्थाबाट शान्ति प्रक्रिया वा लोकतान्त्रिक परिपाटीतर्फ उन्मुख भएका देशमा दिगो शान्ति स्थापना गर्दै नागरिक स्वतन्त्रता, मौलिक अधिकार, कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक सुनिश्चितता कायम गर्न विगतमा भए गरेका मानवअधिकार र मानवीय कानुन उल्लंघनप्रति सुनिश्चितता कायम गर्नका लागि संक्रमणकालीन न्यायको उपयोग गर्न सकिन्छ ।

नेपालका सन्दर्भमा यस विषयलाई जोडेर हेर्दा यसको महत्व अझै बढी देखिन्छ, जस्तो अहिले हामी शान्ति प्रक्रियामा छौं र त्यसअघि हामीकहाँ द्वन्द्व र एक तहको तानाशाही व्यवस्था कायम थियो । खासगरी राजाको 'कु' पछि नेपालमा प्रजातन्त्र पनि धरापमा परेको थियो र मुलुकलाई द्वन्द्व र तानाशाही व्यवस्थाबाट एकैचोटि बाहिर निकाल्न दलहरूले १२ बुँदेलगायत अन्य सहमति गरेका थिए । हाल नेपालमा लोकतन्त्र त छ तर यो पनि संस्थागत हुन भने सकिरहेको छैन । यो संक्रमणकालीन अवस्थामा संक्रमणकालीन न्यायका विविध पक्षको संयोजन हुन सके नेपाल लोकतन्त्र र स्थायी शान्तिको गोरेटोमा प्रवेश गर्नेछ । त्यसका लागि विगतमा भएका त्रुटिको सम्बोधन भने हुनैपर्छ । संक्रमणकालीन न्यायको महत्वबारे राष्ट्रसंघले व्यक्त गरेको विचारबाट पनि प्रस्ट हुन सकिन्छ । उसले भनेको छ, 'संक्रमणकालीन न्यायको अवधारणाले जवाफदेहिता सुनिश्चित गर्न, न्याय प्रदान गर्न र मेलमिलापको वातावरण निर्माण गर्नका लागि विगतमा ठूलो मात्रामा भए गरेका कानुन उल्लंघनलाई विधिको अवस्थामा ल्याउने समाजका प्रयाससँग संलग्न प्रक्रिया र संयन्त्रको सम्पूर्ण विस्तार प्रक्रियालाई समेट्छ ।'

जे टेटिलका अनुसार संक्रमणकालीन न्यायको अवधारणा दोस्रो विश्वयुद्धपछि भएको मानिन्छ । युद्ध अपराधको कसुरमा जब जापान र जर्मनीका केही सिपाही र तिनका कमान्डरलाई कारबाहीका लागि अन्तर्राष्ट्रियस्तरमा न्यरेम्बर्ग ट्रायल र टोकियो ट्रायलमार्फत दण्डित गरियो । बिस्तारै संक्रमणकालीन न्यायका मान्यता पनि परिवर्तन र समय सान्दर्भिक बन्दै गए । सुरुमा मानवीय कानुनको उल्लंघनमा बढी केन्द्रित यो विषय सन् १९७०-८० को दशकदेखि मानवअधिकार उल्लंघनको विषयलाई पनि फौजदारी न्यायको दायराभित्र ल्याई दोषीलाई कारबाही गर्ने पद्धतिमा विकसित भयो । १९९० पछि भने यस विषयको महत्वलाई व्यापक विस्तार गरियो । यो समयपछि संक्रमणकालीन न्यायले मानवअधिकार र मानवीय कानुनको उल्लंघनमा पीडकलाई जिम्मेवार बनाई कारबाही गर्ने र पीडितलाई परिपूरणसहितको सम्मानित जीवनयापनको अधिकार सुनिश्चितता गरी लोकतान्त्रिक प्रणालीको संस्थागत विकास गर्ने र समाजमा मेलमिलापको वातावरण सहज पार्नेजस्ता विषय समेटिएको पाइन्छ ।

संक्रमणकालीन न्यायको सिद्धान्तभित्र विभिन्न आयाम रहेका छन् र तिनको आफ्नै खालको महत्व र प्रभाव रहेको छ । संक्रमणकालीन न्यायको सबैभन्दा महत्वपूर्ण र धेरै प्रचलनमा रहेको पक्ष भनेको सत्य निरूपण तथा मेलमिलाप आयोग निर्माण हो । यस्ता आयोगले खासगरी विगतको द्वन्द्वका दौरान भएका मानवअधिकार तथा मानवीय कानुन उल्लंघनका घटनाको अनुसन्धान गरी त्यसबाट प्राप्त परिणाम, सूचना र सुझावलाई अनुसन्धान गर्छ । यस्तो आयोग निर्माण गर्दा पीडित, तिनको सुरक्षा र न्यायको ग्यारेन्टी भने हुनैपर्छ । त्यसैगरी अर्को महत्वपूर्ण पक्ष भनेको परिपूरणको हो । परिपूरणले पुनर्निर्माण, क्षतिपूर्ति, मुआब्जा, पुनर्स्थापना, सन्तुष्टि र भविष्यमा पुनरावृत्ति नहुने कुराको प्रत्याभूतिलाई जनाउँछ । यसको खास प्रयोजन भनेको द्वन्द्वपीडित र तिनका परिवारका लागि राहत प्याकेज उपलब्ध गराउनुपर्छ भन्ने हो । नेपालमा अहिलेसम्म परिपूरणलाई केवल आर्थिक क्षतिपूर्तिका रूपमा मात्र चित्रित गरिएको छ, जुन गलत अवधारणा हो ।

संक्रमणकालीन न्यायको अर्को महत्वपूर्ण संयन्त्र भनेको कानुनी तथा संस्थागत सुधारको अवधारणा हो । सामान्यतया विगतमा युद्ध वा त्यसबाट भएका मानवअधिकार र मानवीय कानुनको उल्लंघन हुनुको कारण विद्यमान कानुनी र संस्थागत कमी कमजोरीलाई जिम्मेवार ठहराइन्छ । यो संयन्त्रको प्रमुख उद्देश्य भनेको मानवअधिकार उल्लंघनका घटना दोहोरिन नपाउने भन्ने हो । त्यस्तै गरेर संक्रमणकालीन न्यायको अर्को महत्वपूर्ण अवधारणा भनेको अभियोजन हो । मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघन सम्बन्धमा अनुसन्धान र अभियोजन गर्नु र उल्लंघन गर्ने व्यक्तिलाई सजाय दिनु हरेक राज्यको जिम्मेवारी हो । त्यसैले द्वन्द्वका अवधिमा भएका मानवअधिकार तथा मानवीय कानुन उल्लंघनका घटनाको अनुसन्धान गरी यथार्थ जानकारीमा ल्याउन र दोषीलाई कारबाही सिफारिस गर्नु पनि संक्रमणकालीन न्यायको मान्यता हो ।

यसरी हेर्दा संक्रमणकालीन न्यायको प्याकेजको सही प्रयोग भयो भने द्वन्द्वोत्तर समाजमा कानुनी शासन, लोकतन्त्र र मानवअधिकारलाई संस्थागत गर्नसक्ने देखिन्छ । अहिलेको समयमा आएर हेर्दा संक्रमणकालीन न्यायले दण्डहीनताको संस्कृति अन्त्य गरी विधिको शासनद्वारा लोकतन्त्र संस्थागत गर्न मद्दत पुऱ्याउने देखिन्छ । यसका साथै यसले राज्य व्यवस्थाको परिवर्तनपश्चात विगतका ज्यादती र मानवअधिकार उल्लंघनका घटना छानबिन गरी त्यस्तो कार्य भविष्यमा हुनबाट रोक्न, मानवअधिकार उल्लंघनकर्ताको पहिचान गर्न, त्यस्ता उल्लंघनकर्तालाई दण्ड दिन, पीडितलाई परिपूरण र राहत दिन तथा मुलुकमा मेलमिलापको वातावरण तयार गरी दिगो शान्तिको मार्गप्रशस्त गर्न मद्दत पुऱ्याउन उपयुक्त देखिन्छ ।

हरेक मुलुकको द्वन्द्वको सन्दर्भलाई अध्ययन गर्दा ती सबैमा भिन्नभिन्न विशेषता रहेको देखिन्छ । संक्रमणकालीन न्यायको उपयोग गर्ने कुरा र त्यसको महत्व कति रहला भन्ने विषयमा बहस र चर्चा-परिचर्चा गर्नु जरूरी हुन्छ । नेपालमा विगतमा भएको द्वन्द्वका पनि आफ्नै मौलिक कारण र तथ्य हुन सक्छन्, ती सबैको गहन अध्ययनपश्चात नै संक्रमणकालीन न्यायका विविध संयन्त्रको प्रयोग गर्नु भने सान्दर्भिक नै हुन्छ । यसका लागि विभिन्न देशमा प्रयोग भएका संयन्त्रको अनुभवबाट पीडितका आवश्यकता तथा आकांक्षा समेट्न सकिएमा, स्थानीय नागरिक समाज तथा पीडितसँग परामर्श गरिएमा, राष्ट्रिय माग तथा अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने राज्यको क्षमता तथा आवश्यकताको मूल्यांकन हुन सकेमा र परस्पर सहयोगी संयन्त्र उपयोग गरी संक्रमणकालीन न्यायको रणनीति विकास गर्न सकिएमा नेपालमा संक्रमणकालीन न्यायले धेरै हदसम्म नेपालको द्वन्द्वलाई समेट्न सक्छ । यसका लागि पारदर्शिता, निष्पक्षता, कानुनको उचित प्रक्रिया, राजनीतिक इच्छाशक्ति, राष्ट्रिय संस्थाको सहभागिता र जनतासँगको सम्पर्क सुमधुर गर्ने आफ्नो बृहत् दायित्व बहन गर्न भने राज्यले सक्नुपर्छ ।

# अब तेस्रो संविधानसभाको सम्भावना

**चन्द्रप्रकाश बानियाँ**

निर्वाचन सम्पन्न भएको पूरै तीन महिना बितिसक्दा पनि नयाँ सरकार गठन हुन नसकेको परिदृश्य मुलुकका लागि रूचिकर नलाग्नु स्वाभाविक थियो । कुनै आशा अपेक्षा नरहे पनि सरकारले चाँडो आकार लिइदिए हुन्थ्यो भन्ने सबैलाई लागेको थियो । गृहका निम्ति राजनीतिक दल र तिनका नेताहरूबीचको तानातानको दृश्य हेरेर आफै लज्जित हुनु नपरे हुन्थ्यो भन्ने चाहना मात्र आम जनताको थियो । त्यसैले होला एमाले-कांग्रेसबीच 'गृहविवाद' सल्टिएको खबरले मुलुकलाई खुसी नभए पनि सन्तोष दिएको छ । हुनत 'बेल्बे पक्यम्, काकस्य किम्' भनेजस्तो एमाले कांग्रेसबीचको सुलह सम्झौताबाट मुलुक र मुलुकबासीले पाउनु के थियो र ? तैपनि हड्डीको टुक्राको निम्ति '....हरूबीचको लडाइँ' हेरेर आफै लज्जित हुन नपरे हुन्थ्यो भन्ने जनआकांक्षा पूरा भएको छ ।

मुलुकको जेठो राजनीतिक दल नेपाली कांग्रेसले लोकतान्त्रिक आन्दोलनको समेत नेतृत्व गर्दै आएको कुरा सत्य हो । तर विडम्बना के रहँदै आएको छ भने हिन्दूसमाजमा प्रचलित 'बाहुनको हाडे चोखो' भन्ने मान्यता जस्तै 'कांग्रेस हुनुको अर्थ नै लोकतान्त्रिक हुनु हो' भन्ने ठम्याई त्यस पार्टीका नेता कार्यकर्ताहरूमा विकसित भएको छ । कांग्रेसका निम्ति विश्वमा प्रचलित लोकतान्त्रिक मूल्य मान्यताको कुनै मूल्य छैन र लोकतन्त्र विरोधी आचरण कांग्रेसी समाजमा मान्य र क्षम्य हुने संस्कार नै बसिसकेको छ । कांग्रेस भैदिएपछि लोकतान्त्रिक मान्यता विपरित हिँडे पनि 'सात खुन माफ' रहन्छ भन्ने ठम्याइ रहेको छ । पछिल्लो कालखण्डमा एमालेले मार्क्सवादको थोत्रो कोटमाथि लोकतन्त्रको नयाँ गाउन पहिरिन थालेको छ । त्यसैले लोकतान्त्रिक आदर्शको मानक कांग्रेस र कांग्रेसी चरीत्रलाई मान्ने अभ्यासमा दत्तचित्त भएर लागेको छ । कांग्रेसका हरेक पाइलाहरूलाई कसरी एमालेले रिठ्ठो नविराइकन पछ्याउँछ भन्ने कुराको गतिलो उदारण राष्ट्रपतिको निर्वाचनको कुरादेखि सरकार निर्माणसम्मको असैद्धान्तिक र असंसदीय अभ्यास र लेनदेनबाट स्पष्ट भएको छ ।

आवधिक निर्वाचन हुनेखानेहरूबीचको छनोटको प्रपञ्च मात्रै हो भनेर आलोच्य रहे पनि आवधिक निर्वाचन पूँजिवादी लोकतन्त्रको सबभन्दा महत्वपूर्ण पक्ष हो । त्यसबाट असल र खराबबीच छनोट गर्ने अवसर नमिले पनि 'खराबहरूमध्येको कम खराब प्रतिनिधि छान्ने अवसर मतदाताले पाउँछन्' भनेर मानिन्छ । हाम्रो अन्तरिम संविधानमा दोस्रो संविधानसभाको निर्वाचनको व्यवस्था परेको थिएन । जनप्रतिनिधिहरूले आवधिकरुपमा जनअनुमोदित हुनुपर्छ भन्ने मान्यताकै आधारमा संविधानसभाको दोस्रो निर्वाचनको आदेश सर्वोच्च अदालतले गरेको हुनुपर्छ । त्यो सार्वभौम मान्यता राष्ट्रपतिको सन्दर्भमा पनि लागु हुनुपर्ने हो । निर्वाचन गर्ने संस्थाको आयु समाप्त भए पछि निर्वाचित हुने संस्थाको आयु पनि स्वतः समाप्त हुनुपर्ने हो । अर्थात पहिलो संविधानसभाले जस्तै दोस्रो संविधानसभाले राष्ट्रपति निर्वाचित गर्न पाउनुपर्ने हो । लोकतन्त्रमा सबै निर्वाचित प्रतिनिधिहरु र जनप्रतिनिधि संलग्न रहने संस्थाहरूको आयु आवधिक हुन्छ भन्ने कुरा कांग्रेसले बिर्स्यो, तुच्छ दलीय स्वार्थवस बिर्सेको स्वाँग गऱ्यो । लोकतान्त्रिक मूल्य, मान्यता र परम्पराहरूलाई पार्टीको नाफा नोक्सानको तराजुले जोख्यो । लोकतान्त्रिक नैतिकतालाई तिलाञ्जली दियो । लोकतान्त्रिक माला जपेर घोर अलोकतान्त्रिक अडान लिन लाज मानेन । कांग्रेसले नै नमानेपछि एमालेले अडान लिन मिल्ने कुरै भएन । त्यसैले गृहमन्त्रालयसँग लोकतान्त्रिक मूल्य मान्यताको सट्टीपट्टी गर्न एमालेलाई लाज लाग्ने कुरै भएन । गुरूको आचरणको अनुशरण गर्नु एमालेको शब्दकोषमा 'चामलसँग पिठो साट्नु' जस्तो ठहरिएन ।

जेठाजु बुहारीबीचको साइनोको मर्यादा मिचिएपछि ससुराबुहारीको साइनो पनि खतरामा पर्नु स्वाभाविक हो । एमाले र कांग्रेसबीचको सातबुँदे सहमति लोकतान्त्रिक मान्यता र मूल्यमाथि भकुन्डो खेल्ने सम्झौता थियो । राष्ट्रपतिको निर्वाचन तुहाउने प्रपञ्चले संयुक्त सरकार निर्माणको परम्परालाई पनि विकृत बनाउनु स्वाभाविक थियो । संयुक्त सरकार बनाउनुपर्ने अवस्थामा राजनीतिक दलहरूबीच सत्ताको भागबण्डा हुनु अस्वाभाविक होइन । त्यहीनेर कांग्रेस एमालेबीच अलिकता खटपट परेको देखियो । लोकतान्त्रिक मान्यताको मूल्यमा खरिद गरेको गृहमन्त्रालय माथिको दावी एमालेले छोड्न सक्तैनथ्यो । छोडेन । आखिर कांग्रेसले हतियार बिसाउने पऱ्यो । सत्ताको निम्ति लोकतान्त्रिक मूल्य मान्यता मिचिएपछि असंसदीय अभ्यासतर्फ उद्यत हुनु पनि अस्वाभाविक भएन । एमाले र काँग्रेसबीच भएको ७ बुँदे सहमतिले संवैधानिक र संसदीय दुवै सीमा एकैसाथ उल्लङ्घन गरिदिएको छ । सत्ता साझेदारहरूले ४ वर्ष मध्ये २/२ वर्ष सत्ताको नेतृत्व लिने सहमति गर्न सक्तथे । एउटा पार्टीको राष्ट्रपति र अर्को पार्टीको प्रधानमन्त्री रहने सहमति पनि हुन सक्तथ्यो । तर संवैधानिक प्रावधान विपरित १ वर्षपछि राष्ट्रपति, उपराष्ट्रपति, सभामुख लगायत प्रधानमन्त्रीको निर्वाचन गर्ने सहमति गरियो । त्यसले संसदीय अभ्यास र संवैधानिक परम्परा दुबैको मानमर्दन गऱ्यो । संविधानतः एकपटक निर्वाचित भएको प्रधानमन्त्रीलाई संविधानले तोकेबाहेक अर्को बाटोबाट परिवर्तन गर्न मिल्दैन भन्ने कुराको लोकतन्त्रका दुबै महारथिले हेक्का राखेको देखिएन ।

प्रतिपक्षलाई 'प्रतिक्षारत सरकार' (वेटिङ गभर्मेन्ट) पनि भनिन्छ । राष्ट्रिय सरकार गठन गर्नुपर्ने वाध्यात्मक अवस्थामा बाहेक पहिलो र दोस्रो दल मिलेर सरकार बनाइदैन । अर्थात पहिलो वा दोस्रो दलमध्येको कुनै यौटाले अन्य दलहरूसँग मिलेर बहुमत जुटाउने परम्परा संसदीय अभ्यासमा रहेको छ । तर नेपालमा भने पहिलो र दोस्रो दुबै दल मिलेर सरकार गठन गर्ने अनौठो संसदीय परम्परा सुरु गरिएको छ । त्यस्तो अभ्यासबाट सरकार दिगो हुने आशा गर्न त सकिन्छ तर कथम सरकार असफल भो भने त्यसको विकल्प बाँकी रहँदैन । किनकि प्रतिपक्षमा सरकार निर्माणका निम्ति आवश्यक बहुमत जुटाउने सामर्थ्य रहँदैन । सत्तापक्षको असफलता पछि प्रतिपक्षको सरकार बन्ने अवस्था रहँदैन । बहुमत जुट्दैन, अल्पमतको सरकार बनाउने व्यवस्था अन्तरिम संविधानमा छैन । अर्थात एमाले कांग्रेस गठबन्धनको वर्तमान सरकार कुनै कारणबस असफल भयो वा विघटन गर्नुपर्ने अवस्था उत्पन्न यो भने दोस्रो सरकार पनि बन्दैन, बन्नै सक्तैन ।

सरकार आउनु जानु त संसदीय अभ्यासमा स्वाभाविक प्रक्रिया मानिएला तर नेपालको सन्दर्भ फरक हो । एमाले कांग्रेस गठबन्धनको सरकार लामो समय टिकेन भने संविधान बन्न सक्तैन । संविधानसभाको पहिलो काम सरकार बनाउने नै हो ।

# सेमेस्टर प्रणाली र राजनीति

*विश्वम्भर घिमिरे*

सेमेस्टर प्रणालीमा वार्षिक तीन अथवा चार परीक्षा प्रणालीको शैक्षिक-सत्रअनुसार कक्षा सञ्चालन हुने गर्छ । वार्षिक रूपमा निश्चित दिन तोकेर शैक्षिक क्यालेन्डरअनुसार परीक्षा सञ्चालन गरी समयमै परीक्षाफल प्रकाशित गरिन्छ ।

सन् १९५९ मा स्थापित नेपालकै जेठो विश्वविद्यालय स्थापनाकालदेखि आजसम्म आइपुग्दा पनि समस्याग्रस्त छ । समस्यै समस्यामा जेलिए पनि यसले धेरै राजनीतिज्ञदेखि विशेषज्ञ पनि उत्पादन गरिसकेको छ । विश्व मर्यादा क्रममा विशिष्टताका आधारमा ६६औं स्थानमा आउने त्रिभुवन विश्वविद्यालय चिकित्सा र इन्जिनियरिङ शिक्षामा एसियाकै दशौं उत्कृष्ट विश्वविद्यालयमा गनिन्छ । त्यसैगरी विश्वमा धेरै विद्यार्थी भर्ना गर्ने विश्वविद्यालयमा त्रिवि अग्रस्थानमै आउँछ । यसले सन् २०१२-१३ मा एक लाख ४३ हजारभन्दा बढी विद्यार्थीलाई उच्च शिक्षाका निम्ति ढोका खोलेको थियो । सुरूवाती दिनदेखि नै नेपाल सरकारको मातहत रहेको यस विश्वविद्यालयमा अन्यत्रभन्दा सर्वसाधारणको पहुँच बढी छ । यद्यपि हाल लागू गर्न लागिएको सेमेस्टर प्रणालीको नयाँ शुल्क पनि अन्य विश्वविद्यालयको तुलनामा कमै खर्चिलो देखिन्छ ।

इतिहास हेर्ने हो भने त्रिविले सेमेस्टर प्रणालीलाई ०३० बाटै लागू गरिसकेको थियो तर निहित स्वार्थका कारण यो प्रणाली लामो समयसम्म टिक्न सकेन र ०३६ मा यसलाई खारेज गरियो । यदि त्यतिखेरदेखि यसले निरन्तरता पाएको भए आज विश्व शिक्षा जगत्मा त्रिविको सफलता अझ माथि उठ्नेमा शंका छैन । साथै, विश्व बरियता क्रममा अगाडि आउनेदेखि उत्पादित शैक्षिक जनशक्ति विश्व बजारमा प्रतिस्पर्धात्मक हुनेमा सन्देह गरिरहनुपर्दैन । विश्वविद्यालयलाई गुणस्तरीय तथा प्रतिस्पर्धात्मक बनाउनेतर्फ त्रिविलाई दबाब सिर्जना गर्नुपर्नेमा उल्टो कालिदास प्रवृत्ति हाबी हुनु समग्र शैक्षिक जगत्कै निम्ति दुर्भाग्य हो ।

अन्तर्राष्ट्रिय शैक्षिक पद्धतिको मूल्यांकन गर्दा नेपालको जस्तो वार्षिक परीक्षा प्रणालीमा अन्यत्र बिरलै भेट्न सकिन्छ । वार्षिक रूपमा दुईपटक परीक्षा लिने शैक्षिक सत्रअनुसार सञ्चालन हुने प्रणाली नै सेमेस्टर प्रणाली हो, जुन विश्वव्यापी रूपमा प्रचलित छ । कतिपय विकसित देशमा अझ यसलाई गुणस्तरीय बनाउन 'ट्रिमेस्टर' अथवा 'क्वाटमेस्टर' प्रणालीमा गइसकेका छन् । सेमेस्टर प्रणालीमा वार्षिक तीन अथवा चार परीक्षा प्रणालीको शैक्षिक सत्रअनुसार कक्षा सञ्चालन हुने गर्छ । वार्षिक रूपमा निश्चित दिन तोकेर शैक्षिक क्यालेन्डरअनुसार परीक्षा सञ्चालन गरी समयमै परीक्षाफल प्रकाशित गरिन्छ । जसबारे विद्यार्थीलाई अगावै जानकारी हुन्छ । तर, त्रिविले लागू गर्न लागेको भनिएको शैक्षिक क्यालेन्डर अझै तयार गर्न सकेको छैन । तोकिएको समयमा भर्ना लिने, नियमित अध्यापन गर्ने, आन्तरिक परीक्षा लिने, समयमै बोर्ड परीक्षा सञ्चालन गर्ने तथा नतिजा प्रकाशन गर्ने जस्ता पक्ष कार्यान्वयन गर्न सकिएको छैन । शैक्षिक स्थितिमा अस्तव्यस्तता आउनुको पछाडि विद्यार्थी तथा प्राध्यापकको आन्दोलनलाई कारण देखाएर त्रिवि पन्छिने गरेको छ । यस्ता अस्तव्यस्ततालाई चुस्तदुरूस्त बनाउन विद्यार्थीका पक्षमा संघर्ष गर्नुपर्ने विद्यार्थी संगठन आज किन उल्टो बाटो हिंड्दै छन् ? उनीहरु अन्तर्राष्ट्रिय रूपमा तल्लो दर्जाका शैक्षिक जनशक्ति उत्पादनमा किन दौडधुप गरिरहेका छन्, बुझिनसक्नु छ ।

हालको अवस्थामा त्रिविको प्रतिविद्यार्थी वार्षिक खर्च अत्यन्त धेरै छ । चिकित्सा शास्त्रमा सबैभन्दा बढी खर्च हुने गरेको छ । यसमा आठ लाखभन्दा बढी हुन्छ भने कृषि तथा पशु विज्ञानमा ६ लाखभन्दा बढी, इन्जिनियरिङमा १.५ लाख, वन विज्ञानमा १.३ लाख खर्च भइरहेको छ भने व्यवस्थापनमा अत्यन्त न्यून ११ हजारभन्दा बढी खर्च हुने गरेको छ । यसरी त्रिविले प्रत्येक विद्यार्थीका लागि यति रकम खर्च गरे पनि उल्लेख्य परिणाम हासिल गर्न भने सकेको छैन । आखिर किन यस्तो अवस्था आयो त ? यसको वास्तविकताबारे पर्याप्त अध्ययन गर्न नसक्दा बल्लतल्ल सुरू हुन लागेको सेमेस्टर प्रणालीको भविष्य पुनः अन्योलमा परेको छ । सेमेस्टर प्रणालीका फाइदा भनेको ६-६ महिनामा तोकिएकै मितिमा परीक्षा सञ्चालन भई नतिजा प्रकाशन हुनु हो । कम्तीमा ८० प्रतिशत हाजिरी पुग्नैपर्ने, कक्षागत तथा अतिरिक्त क्रियाकलाप र बहुपक्षीय मूल्यांकन विधिले गर्दा विशिष्ट श्रेणी अथवा प्रथम श्रेणी हासिल गर्न मद्दत गर्नेजस्ता कारणले यसलाई मजबुत बनाएको हुन्छ । यस शैक्षिक प्रणाली पूर्ण रूपमा कार्यान्वयन गर्न सकेको खण्डमा राज्यको लगानीअनुसार प्रतिफल प्राप्त हुने थियो भने अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति निर्माणमा पनि सहयोग पुग्ने थियो ।

हालसम्मको त्रिविको नतिजा अध्ययन गर्ने हो भने अत्यन्तै दयनीय छ । विशिष्ट श्रेणी अथवा प्रथम श्रेणीको त कुरै छाडौं उत्तीर्ण हुने विद्यार्थी संख्या पनि अत्यन्तै न्यून छ । विगत दश वर्षमा ५-६ प्रतिशतभन्दा बढी विद्यार्थी उत्तीर्ण भएको तथ्यांक छैन । यस्तो कहालीलाग्दो तथ्यांकलाई बल्खुले कहिल्यै पनि सार्वजनिक गरेको छैन । यसतर्फ विद्यार्थी संगठन किन मौन छन् र अनावश्यक विवादमा अल्झिरहेका छन् । कुरा के प्रस्ट छ भने राजनीतिक चर्चामा आउन अनेक खालका बखेडा झिकी हजारौं विद्यार्थीको भविष्यमाथि तुसारापात गर्ने कार्य कोही कसैले पनि गर्नु हुँदैन । त्यसैले आमविद्यार्थी र अभिभावकले यस्ता छाडातन्त्रविरूद्ध विरोधमा उत्रिनुपर्ने अवस्था आएको छ ।

विश्वका अधिकांश विश्वविद्यालयको अध्ययन गर्दा के पाइन्छ भने विश्वविद्यालय सञ्चालन गर्ने प्रमुख भूमिका प्राध्यापककै हो । उनीहरूले आफूमातहतका विद्यार्थीलाई अनुसन्धानमूलक शोधपत्र तयार गर्न लगाई विभिन्न विधामा गुणात्मक प्रतिफल निकाल्छन्, जसको परिणाम विश्वविद्यालयलाई अनुसन्धान केन्द्रका रूपमा परिचित गराई आर्थिक संकलन गर्न मद्दत गर्छन् । तर, नेपालमा चाहिँ विश्वविद्यालयका प्राध्यापकले त्यसको ठीक विपरीत राजनीति गर्ने थलोका रूपमा विश्वविद्यालयलाई बुझ्ने गरेका छन् । आफूलाई कसरी राजनीतिक नेतृत्वको पहुँचमा स्थापित गर्ने भन्नेमै अग्रसर देखिन्छन् उनीहरु । त्रिविको नाम बेची प्राइभेट क्याम्पसमा धाउने त्यस्ता प्राध्यापकका कारण पनि त्रिवि बदनाम हुँदै गएको छ । त्रिविका पदाधिकारी, कर्मचारी तथा प्राध्यापकमा कर्तव्यबोध हुन सकेको छैन । त्यसैले पनि विभिन्न राजनीतिक दलसँग आबद्ध विद्वान् प्राध्यापक सेमेस्टर प्रणालीविरूद्ध लागेका छन् ।

विश्वका कुनै पनि देशमा प्राध्यापक र विद्यार्थीलाई विश्वविद्यालयलाई राजनीतिक अखडा बनाउने छुट हुँदैन । तर, नेपाल एक मात्र त्यस्तो देश हो, जसले यी सबै पक्षलाई खुला गरेको छ । सरकारले निःसन्देह त्रिविलाई सहयोग गरिरहेको छ । कुनै खालको अनुगमन तथा निगरानी कडाइसाथ लागू गर्न सकेको छैन, जसका कारण शिक्षा क्षेत्र अराजकताको पराकाष्ठा बनेको छ । विश्वमा हरेक विश्वविद्यालयले उत्कृष्ट स्थान हासिल गर्नका निम्ति आफ्नो बलबुताले भ्याएसम्म कोसिस गरिरहेका हुन्छन् । यस्तो पद्धतिको विकास नेपालमा कहिले गर्ने ? चुनौतीको विषय बनेको छ । खालि शिक्षा क्षेत्रलाई भिडतन्त्र बनाई राजनीतिक दबाबमा शिक्षक नियुक्ति तथा विद्यार्थी भर्ना गर्ने परिपाटीबाट मुक्त गर्नका निम्ति राजनीतिमुक्त क्षेत्र घोषणा गर्नु जरूरी छ । राजनीतिक दलको वकालत गर्ने परम्परावादी सोच भएका प्राध्यापकलाई प्रतिस्थापन गर्दै नयाँ पिंढी तथा रचनात्मक दिमाग भएका विद्वान् वर्गलाई अवसरको ढोका खोल्न तिनलाई आकर्षण गर्ने योजना ल्याई 'ब्रेन ड्रेन' रोक्नुपर्छ । साथै, सेमेस्टर प्रणाली देशव्यापी रूपमा कार्यान्वयन गर्दै दीर्घकालीन योजना तर्जुमा गरी गुणस्तरीय तथा प्रतिस्पर्धात्मक शिक्षालाई स्थापित गर्नु आजको आवश्यकता हो ।

# पत्रकार महासंघ पर्साको १०औं अधिवेशन सम्पन्न

कुसुमलाल श्रेष्ठ

वीरगंज । नेपाल पत्रकार महासंघ पर्सा शाखाको १० औं अधिवेशन सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष यशोधा तिमिलसिनाको प्रमुख आतिथ्य तथा पर्साका सभासद राजेन्द्र बहादुर अमात्य, सुरेन्द्र प्रसाद चौधरी, राज कुमार गुप्ता, बिचारी यादव, रामचन्द्र साह, पर्सा का प्र.जि.अ. कैलाश कुमार बजिमय, अंचल प्रहरी प्रमुख वरिष्ठ प्रहरी सर्वेनद्र खनाल, प्रहरी उपरिक्षक धिरज प्रताप सिंह, नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य महेश दास, उद्योग वाणिज्य संघका अध्यक्ष अशोक कुमार वैध लगायतको उपस्थिति रहेको थियो । सो कार्यक्रमका अध्यक्षता नेपाल पत्रकार महासंघ पर्सा शाखाका अध्यक्ष केसी लामिछाने र कार्यक्रम संचालन सचिव युवराज खडकाले गर्नु भएको थियो । छपकैया स्थित लायन्स सेन्टरमा रहेको निर्वाचन कार्यालयमा महासंघको विभिन्न पदका लागि ८० जना उम्मेदवारहरूले आफनो मनोनयन दर्ता गराएका थिए । अध्यक्ष पदमा श्याम बन्जारा र अशोक तिवारी, उपाध्यक्ष पदमा ध्रुब साह, राम सर्राफ, चन्द्र भुषण साह, सचिव पदमा कृष्ण उदास खनाल, युवराज खड्का र




रबि दाहाल, कोषाध्यक्षमा, बिजय चौहान बिजय कुशवाहा अनुप तिवारी र दिपेन्द्र प्रसाद कानुले दिनु भएको छ भने सहसचिवमा शेखर छतकुली, म.सदाब, शशिविचित्र ले उम्मेदवारी दिनु भएको छ । त्यसैगरी खुल्ला सदस्यहरूमा फिरोज खान, अलिअसगर देवान, पन्नालाल चौरसिया, लालबाबु बानिया, प्रणय कुमार साह, दिपक कुमार गौतम, निरन्जन मिश्र, सफल खतिवडा, संजिव कुमार मिश्र, अमित अग्रवाल, नवराज फुयाल, बिरेन्द्र साह, मनोज कुमार पटेल र २१ पदको लागि पार्षदमा ४७ जनाले उम्मेदवारी दिएका थिए । सो जिल्ला अधिवेशनमा भएको निर्वाचनमा अध्यक्ष पदमा श्याम बन्जारा, उपाध्यक्षमा ध्रुब साह, कोषाध्यक्ष अनुप तिवारी, सचिवमा कृष्ण उदास खनाल, सह-सचिवमा शेखर बहादुर क्षेत्री, सदस्य पदमा संजिव कुमार मिश्र, दिपक गौतम, नवराज फुन्याल, सफल खतिवडा, निरन्जन मिश्र, अलिअसगर देवान र पार्षदमा शंकर आचार्य डा.विश्वम्भर शर्मा, लालबाबु सेख, विजय भण्डारी, रितेश त्रिपाठी, गोविन्द देवकोटा, प्रेम कार्की, सना ढकाल, राजु श्रेष्ठ, भुषण यादव, शत्रुध्न नेपाल, केसी लामेछाने, शितल महतो, महेश चन्द्र गौतम, प्रतिमा चौधरी रामराज यादव, रामनारायण कुर्मी, आर.के.पटेल, शुदर्शन पाण्डे, ओम प्रकाश खनाल, दिपेन्द्र चौहान विजयी भएका छन् ।

## vjhsb

### सञ्जय सम्मानित

काठमाडौं । अल्ट्राधावक सञ्जय पण्डित प्युठानमा सम्मानित भएका छन् । सोही जिल्लाका पण्डितले जिल्लालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान दिलाएको तथा पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै जिल्ला विकास समिति प्युठानले नगदसहित सम्मान गरेको हो । उनलाई २१औं जिल्ला परिषद्का अवसरमा गृहमन्त्री वामदेव गौतमले एक लाख नगदसहित सम्मान गरे । सो अवसरमा उनलाई वीर प्युठानीको उपनामसमेत दिइएको थियो ।

### स्मिथले लिए सन्न्यास

न्युजिल्यान्ड । दक्षिण अफ्रिकी ब्याट्सम्यान ग्रेम स्मिथले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका छन् । स्मिथले अस्ट्रेलियाविरूद्धको जारी टेस्ट सिरिज सकिएपछि अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको लिएका हुन् ।

३३ वर्षीय स्मिथले आफ्नो सन्न्यासबारे साथीहरूमार्फत सार्वजनिक गरेको क्रिकेटसम्बन्धी 'न्युज पोर्टर' क्रिकइन्फोले जनाएको छ । स्मिथ आफ्नो खेल जीवनको ११७औं टेस्ट म्याच खेलिरहेका छन् । जसमध्ये १०९



टेस्ट म्याचमा उनी आफैंले कप्तानीसमेत गरेका छन् । उनले ९२५७ रन बनाएका छन् । स्मिथले आफ्नै घरेलु मैदानमा भएको प्रतियोगितामार्फत सन्न्यासको घोषणा गर्दा राम्रो हुने र यसबारे एक वर्षअघिबाटै सोचिरहेको बताएका छन् । उनको गत वर्ष एंकलको शल्यक्रिया गरिएको थियो । उनले सन्न्यासको निर्णय लिन आफूलाई निकै मुस्किल भएको पनि बताएका छन् । 'हुन त मैले यसबारे गत वर्ष अप्रिलमा एंकल सर्जरी गरेयता सोचिरहेको थिए । तर, यो मैले जीवनमा लिएको सबैभन्दा कठिन निर्णय बन्यो,' उनले भने । उनले न्युल्यान्डबाटै आफ्नो खेल जीवन अन्त्य गर्नु उचित ठानेको पनि बताए ।

'मेरो सानो परिवार छ । उनीहरूको हेरचाह गर्नुपर्नेछ । म १८ वर्षको हुँदादेखि नै न्युल्यान्डलाई मैले घर मानेको छु । त्यसैले न्युल्यान्डबाटै खेल जीवन अन्त्य गर्न चाहन्छु,' स्मिथले भनेका छन् । उनले देशका लागि खेल्न पाउँदा र उत्कृष्ट खेलाडीको नेतृत्व गर्न पाउँदा आफूलाई भाग्यमानी ठानेको पनि सुनाए । 'मैले मैदानमा खेल्दा सधैं देश र मेरो टोलीका लागि केही योगदान गर्ने सोचें,' उनले भने, 'त्यसैले म आफैंलाई एकदमै सम्मानित र गौरवान्वित ठान्दछु, देशका लागि खेल्न पाएँ, राम्रा खेलाडीको नेतृत्व गर्न पाएँ ।'

पछिल्लो समय स्मिथको प्रदर्शन पनि खस्किरहेको छ । जारी सिजनको अन्तिम टेस्टको अन्तिम इनिङ बाँकी छँदा स्मिथले जम्मा ४२ रन मात्र बनाएका छन् । उनी पछिल्लो ८ इनिङयता अर्धशतकविहीन छन् । उनले समर्थनका लागि सबैलाई धन्यवाद दिएका छन् । उनले नेतृत्व गर्दै टोलीलाई विश्वकै शीर्ष टोली बनाउन पाउँदा निकै खुसी लागेको पनि बताएका छन् । 'मैले दक्षिण अफ्रिकी टोलीबाट धेरै सफलता पाएको छु । दक्षिण अफ्रिकी टोलीलाई विश्वकै नम्बर एक टेस्ट टोली बनाउन नेतृत्व गर्न पाउँदा निकै गौरवान्वित छु,' उनले भनेका छन्, 'यी क्षणलाई म जिन्दगीभर सम्झनेछु । सबैलाई हृदयदेखि नै धन्यवाद भन्न चाहन्छु ।'

स्मिथले २७ टेस्ट सेन्चुरी आफ्नो टोली पराजित भएको खेलमा प्रहार गरेका थिए । उनले सन् २००३ मा इंग्ल्यान्डविरूद्ध लगातार दोहोरो शतक प्रहार गरेका थिए । स्थित पछिल्लो दुई महिनाको अन्तरालमा सन्न्यास लिने दोस्रो दक्षिण अफ्रिकी खेलाडी बनेका छन् । यसअघि गत जनवरीमा अर्का दक्षिण अफ्रिकी ब्याट्सम्यान ज्याक कालिसले पनि सन्न्यासको घोषणा गरेका थिए ।

### कास्की 'ए'लाई उपाधि

काठमाडौं । दोस्रो पर्वतीय खेलकुद महोत्सवअन्तर्गत प्रथम राष्ट्रिय परम्परागत आर्चरी च्याम्पियनसिपको टिम स्पर्धामा नेपाल मगर संघको कास्की 'ए'ले उपाधि जितेको छ । मंगलबार सम्पन्न प्रतिस्पर्धामा देव पुन, गेटबहादुर पुर्जा र मानबहादुर पुनको रहेको टोलीले ४८ अंकका साथ उपाधि पक्का गरेको हो । नेपाल आर्चरी संघद्वारा आयोजित प्रतियोगितामा एक अंकले पछिपरेको नेपाल मगर संघकै कास्की 'बी' टोलीले दोस्रो स्थान हात पाऱ्यो । 'बी' टोलीबाट यम पुन, कृष्ण पुन र कमल पुर्जाले प्रतिस्पर्धा गरेका थिए ।

पोखराको स्याङ्दुलस्थित तीन गाउँले थकाली समाजमा भएको प्रतिस्पर्धामा विजयकुमार तेङ्बे, तेम्ब तेङ्बे र महेन्द्रप्रसाद तेङ्बे सम्मिलित तेङ्बे समाज सेवा संघले तेस्रो स्थान हात पाऱ्यो । तेङ्बे समाज सेवाले ४४ अंक प्राप्त गरेको थियो । शीर्ष तीन स्थान हात पार्ने टोलीले क्रमशः १५ हजार, १० हजार र ५ हजार रूपैयाँ प्राप्त गरेका छन् । प्रतियोगिता 'ए' टोलीका मानबहादुर पुन उत्कृष्ट खेलाडी चुनिए । एकदिने प्रतियोगितामा १२ टिमले प्रतिस्पर्धा गरेका थिए । सहभागीले ९ डोरमा ६ का दरले कुल ५४ तीर प्रहार गरेका थिए ।

पर्वतीय खेलकुद महोत्सवअन्तर्गत आर्चरीसहित क्यानोइङ र क्रस कन्ट्री मोटरसाइकल ऱ्याली गरी तीन खेलका प्रतियोगिता सम्पन्न भएको छ । बुधबार प्याराग्लाइडिङको समापन पोखरामै हुँदै छ ।

## /Eg va/



## मनोजले हसाएँ, पशुपतिले नचाए

नुवाकोट । नुवाकोटमा जारी तेस्रो नुवाकोट महोत्सवमा हास्य कलाकार मनोज गजुरेलले नुवाकोटेलाई पेट मिचिमिची हसाए भने र पशुपति शर्माले छमछमी नचाए । मनोज गजुरेलले हास्य-व्यंग्यमार्फत विभिन्न जातजाति, भाषाभाषीबीच एकताको गम्भीर सन्देश दिए । युवापुस्ता र युवाहरूको प्रवृत्तिमाथि पनि उनले व्यंग्य गरे ।

महोत्सवको सातौं दिन नुवाकोटेलाई नचाउन आएका कलाकार पशुपति शर्माले पनि आफ्ना चर्चित गीत गाएर मनोरञ्जन दिए । गायक शर्माले 'चिन्ता छैन केही, मलाई अमेरिका यहीं...' भन्दै स्वदेशमै केही गर्नका लागि युवा वर्गलाई आग्रह गरे । नुवाकोटका युवालाई आफ्नै थलोमा सम्भावनाको खोजी गर्न आग्रह गरेका शर्माले पढेर रोजगारी नपाएको पीडा झल्कने 'पढ्यो पढ्यो पाठ, सोह्र दुना आठ' गीत पनि गाएका थिए ।

त्यसैगरी महोत्सवमा केपी ओली र मुस्कान पासा बनेर सीताराम कट्टेलले पनि दर्शकलाई हँसाए । नेपाली राजनीतिका चर्चित पात्र केपी ओली बनेर कलाकार कट्टेलले माओवादीलाई मात्र होइन, माधव नेपाल र झलनाथ खनाललाई पनि पेच हाने । कलाकार कट्टेलले हरेक मन्त्रिमण्डलमा नछुट्ने नुवाकोटका मन्त्रिहरूलाई पनि व्यंग्य हान्न भ्याए ।

नुवाकोट उद्योग वाणिज्य संघको आयोजनामा बट्टारमा भइरहेको तेस्रो नुवाकोट महोत्सवमा यसअघि कोमल वली, सुगम पोखरेल, हेमन्त शर्मालगायत कलाकारले प्रस्तुति दिइसकेका छन् ।

## बल्ल कसियो लगनगाँठो

भोज खुवाएको एक सातापछि नायिका रेजिना उप्रेती



औपचारिक रूपमा विवाहबन्धनमा बाँधिएकी छिन् । बल्खुस्थित श्री भुवनेश्वरी मन्दिरमा उनले सुरज पोखरेलसित लगनगाँठो कसिन् । बिहेको भोलिपल्टै सुरज लन्डन उडिसकेका छन् ।

नेतादेखि पत्रकारसम्मलाई बोलाएर पार्टी दिएकी रेजिनाले बिहेमा भने कसैलाई बोलाइनन् । दुवै पक्षका सीमित आफन्त मात्र बिहेमा सहभागी भएका थिए । विवाह अवधिभर रेजिना सिरियस देखिएकी थिइन् । बिहेको भोलिपल्टै श्रीमान्सित छुट्टिनुपर्दा उनी दुःखी छिन् । तर, केही समयपछि आफू पनि उतै बस्ने गरी लन्डन हानिने रेजिनाको योजना छ ।

## चैत्र २१ मा आधी बाटो

काठमाडौं । स्वर्गीय स्वरसम्राट नारायणगोपाल र उनका मीत संगीतकार/गायक गोपाल योञ्जनको सांगीतिक यात्राको केही छनक २१ चैत्रमा सिंगल रिलिज हुन लागेको फिल्म 'आधी बाटो'मा हेर्न पाइने भएको छ ।

निर्देशक सवीर श्रेष्ठका अनुसार सांगीतिक प्रेमकथाको फिल्म आधी बाटो संगीतमै करिअर बनाउन चाहने दुई पात्र नारायण र गोपालको संघर्ष र सफलताको कथामा बुनिएको छ । निर्देशक सवीरले आफ्नो फिल्म स्वरसम्राट नारायणगोपाल र गोपाल योञ्जनको सांगीतिक किस्साबाट प्रभावित भएको बताएका छन् । 'फिल्ममा संगीतप्रेमी दुई पात्रको कथा छ । जो हाम्रा श्रद्धेय स्रष्टा नारायणगोपाल र गोपाल योञ्जनको सांगीतिक करिअरसँग धेरै हदसम्म




निकट छ ।'

निर्माता रमेश त्यव्यना पनि आधी बाटोलाई सांगीतिक लभस्टोरी फिल्मका रूपमा व्याख्या गर्छ । यसअघि हामी तीन भाइ, भरोसा र हाँसी देऊ एकफेरजस्ता रोमान्टिक फिल्म निर्माण गरेका एनआरएन निर्माता त्यव्यना यसपटक भने निकै आशावादी भएको बताउँछन् । 'फिल्म एकदम टची छ । हरेकलाई मनपर्ने कथामा बनाएका छौं । त्यसमाथि दुई स्वर्गीय हस्तीको झल्को पनि आउँछ । त्यसकारण दर्शकले मन पराउनेमा विश्वस्त छौं ।'

त्यव्यनाले निर्माण गरेको हामी तीन भाइ सुपरहिट भएको थियो भने भरोसा र हाँसी देऊ एकफेर फ्लप भएका थिए । यसपटक पुनः सुपरहिट फिल्म दिनका लागि भरपुर मिहिनेत गरेको बताउने उनले कथंकदाचित आधी बाटो चलेन भने उप्रान्त कहिल्यै फिल्म निर्माण नगर्ने घोषणा गरिसकेका छन् । 'यत्तिको राम्रो फिल्म पनि चलेन भने त फेरि किन फिल्म बनाउनु ?' उनको दाबी छ, 'म फिल्मप्रेमी छु । त्यसकारण, मेरा अरू एनआरएन साथीले अन्य व्यवसायमा लगानी गरे पनि मैले फिल्म नै बनाइरहेको छु । यो फिल्म पनि चलेन भने किन फेरि डुब्नु ?' आधी बाटोमा करिब एक करोड लगानी लागेको उनी बताउँछन् ।

एउटा गीत र केही दृश्य युरोपका विभिन्न देशमा खिचिएको फिल्ममा गायक यशकुमार, सविन श्रेष्ठ, जेनिशा केसी र अनु शाह प्रमुख भूमिकामा छन् । राहुल प्रोडक्सन प्रालिको ब्यानरमा बनेको फिल्मको प्रस्तुतकर्ता राहुल त्यव्यना हुन् ।

## खस जातिको नालिबेली

जातीय पहिचानको मुद्दा गम्भीर रूपमा उठेका वेला खस जातिको नालिबेली समेटिएको पुस्तक 'खस जातिको स्वत्वको लडाइँ' भर्खरै बजारमा आएको छ । राजनीतिशास्त्री प्रा. डा. गोपाल शिवाकोटीद्वारा लिखित यो किताबले नेपालमा खस जातिको उपस्थितिबारे प्रकाश पारेको छ ।

सिरिया, इरानलगायत विश्वका धेरै मुलुकमा खस जातिका मानिसको उपस्थिति रहेको तथ्य पुस्तकमा समावेश छ । संसारभरिका खस जातिमाथि पछिल्लो समय संकट आइलागेको किताबमा उल्लेख छ । विशेष गरी नेपालका खसबारे पुस्तक केन्द्रित छ । किताब १२ अध्यायमा विभाजन गरिएको छ । प्रा. डा. शिवाकोटीका राजनीतिक शब्दकोषलगायत समाजशास्त्र, राजनीतिकशास्त्र, अन्तर्राष्ट्रिय कानुन तथा शोधसँग सम्बन्धित दुई दर्जनभन्दा बढी कृति प्रकाशित छन् ।

# नवनिर्मित भवनमा सऱ्यो सशस्त्र

काठमाडौं । सशस्त्र प्रहरी बलले कपिलवस्तुमा नवनिर्मित कार्यालय भवनवाट काम सुरु गरेको छ ।

कपिलवस्तुको तिलौराकोट-६ मा निर्मित भवनको उद्घाटन गर्दै सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तले सीमावर्ती इलाकामा परिचालित एपिएफ टोलीले मुलुकको अन्तर्राष्ट्रिय सिमाना एवं सीमा स्तम्भको सुरक्षा एवं संरक्षण कार्यमा लाग्न निर्देशन दिएको छ । उनले सशस्त्र प्रहरी बललाई प्राप्त हरेक जिम्मेवारीलाई सशस्त्रले पेसागत कौशल एवं इमानदारी तथा बफादारीसाथ निर्वाह गर्दै आएको भन्दै हरेक जिम्मेवारीलाई व्यावसायिक दक्षतापूर्वक पूरा गर्न निर्देशन दिए ।

सो कार्यालय भवन करिब एक करोड ४८ लाख रूपैयाँको लागतमा निर्माण सम्पन्न भएको हो । जसमा कार्यालय भवन, गार्ड क्वाटर, ब्यारेक, मेस, स्टोरलगायत छन् । सशस्त्र प्रहरी महानिरीक्षक वन्तले भवन निर्माणमा उत्कृष्ट सहयोग पुऱ्याउने विभिन्न व्यक्तिलाई प्रशंसापत्र प्रदान गरेका थिए ।

## skf/6

## सेन्चुरीको सेयर बाँडफाँड

काठमाडौं । सेन्चुरी कमर्सियल बैंकले साधारण सेयर बाँडफाँड गरेको छ । बैंकले मंगलबार पुतलीसडकस्थित केन्द्रीय कार्यालयमा सेयर बाँडफाँड गरेको हो । बैंकको प्राथमिक सेयर निष्कासनमा ५० हजार रूपैयाँसम्म लगानी गरेकालाई ७.९ प्रतिशत, ५० हजारभन्दा बढी लगानी गरेकालाई ३.०९ प्रतिशत र १२ हजारसम्म लगानी गरेकालाई चिट्ठा प्रथा (लोटरी) बाट सेयर बाँडफाँड गरेको हो ।

बैंकले आगामी २५ फागुनदेखि सेयर नपरेका र कम परेका लगानीकर्ताको बाँकी रकम फिर्ता गर्ने बताएको छ । बैंकको साधारण सेयर लगानीकर्ताको संख्या एक लाख ५० हजार नौ सय ४१ पुगेको छ ।

लगानीकर्ताले सबैभन्दा धेरै ३० हजार आठ सय ९६ कित्ता र कममा १० कित्ता सेयर पाएका छन् । बैंकको सेयरमा १२ हजारभन्दा बढी ५० हजार रूपैयाँसम्म लगानी गर्नेले ७.९ प्रतिशतका दरले सेयर पाउनेछन् । त्यस्तै, ५५ हजार रूपैयाँका लागि आवेदन दिनेले १७ कित्ता सेयर पाउनेछन् । ५० हजार रूपैयाँसम्म लगानी गरेकाले ४० कित्ता सेयर पाउनेछन् । साधारण सेयर बाँडफाँडपछि बैंक चुक्ता पुँजीको आधारमा वाणिज्य बैंकको मापदण्डमा पुगेको प्रमुख कार्यकारी अधिकृत गणेशकुमार श्रेष्ठले जानकारी दिए । 'आजदेखि बैंकले मापदण्ड पूरा गरेकाले पाँच सय लगानीकर्ताबाट एक लाखभन्दा बढी लगानीकर्ताको बैंक बनेका छौं,' सेयर बाँडफाँड कार्यक्रमलाई सम्बोधन गर्दै श्रेष्ठले भने ।

बैंकले ९२ करोड रूपैयाँको प्राथमिक सेयर जारी गर्दा २२ गुणा अर्थात् २० अर्ब रूपैयाँको आवेदन परेको थियो । बैंकको सेयर बिक्री प्रबन्धकमा नागरिक लगानी कोष र सह-निष्कासकमा नबिल इन्भेस्टमेन्ट बैंक, सिभिल क्यापिटल, ग्रोमोर मर्चेन्ट, एनसिएम मर्चेन्ट बैंकिङ थिए ।

## सिटिजन्स बैंक-श्रमिक रेमिट सम्झौता

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल र श्रमिक रेमिट प्रालिबीच दक्षिण कोरियाबाट नेपालमा रेमिट्यान्स भित्र्याउन बजार व्यवस्थापन सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख सञ्चालन अधिकृत गणेशराज पोखरेल तथा श्रमिक रेमिटका कार्यकारी अध्यक्ष श्री तारा मंगोलले हस्ताक्षर गरेका थिए ।

दक्षिणकोरिया स्थित केबी कोकमिन बैंकका सबै शाखाबाट नेपालीले पठाएको रकम नेपालमा रहेका आफन्तले बैंकका ३८ शाखा र ४६ शाखारहित काउन्टरमार्फत आफ्नो खातामा भुक्तानी प्राप्त गर्न सक्नेछन् । बैंकका हाल ७५ जिल्लामा रेमिट्यान्स नेटवर्क रहेको विज्ञप्तिमा उल्लेख छ ।

## एनबी बैंकको आँखा शिविर

काठमाडौं । नेपाल बंगलादेश (एनबी) बैंकको भक्तपुर शाखाले भीमसेनस्थानस्थित सिद्धि मेमोरियल वृद्धा आश्रममा एकदिने निःशुल्क आँखा शिविर सञ्चालन गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजना गरिएको शिविर नेपाल आँखा अस्पताल त्रिपुरेश्वर तथा लायन्स क्लब अफ रामेछापको प्राविधिक सहयोगमा सम्पन्न भएको बैंकले जनाएको छ ।

शिविरमा करिब ३५ जनाको आँखा परीक्षण गर्नुका साथै निःशुल्क औषधि वितरण गरिएको थियो । बैंकले आगामी दिन भक्तपुरका ग्रामीण भेगमा विभिन्न स्वास्थ्य शिविर आयोजना गर्ने तयारी थालेको भक्तपुर शाखा प्रमुख उषा ढुंगेलले जानकारी दिइन् ।

## सिभिलमा एक्सिस र सिभिल मर्चेन्ट गाभिने

काभ्रे । काठमाडौंमा मुख्य कार्यालय रहेको सिभिल बैंकमा एक्सिस डेभलपमेन्ट बैंक र सिभिल मर्चेन्ट वित्तीय संस्था एकआपसमा गाभिने भएका छन् । एक्सिस डेभलपमेन्ट बैंकको सोमबार भएको विशेष साधारणसभाले सिभिलमा गाभिने निर्णय गरेको हो ।

साधारणसभामा बैंक सञ्चालक समिति अध्यक्ष विदुर धमलाले एक्सिस, सिभिल बैंक र सिभिल मर्चेन्ट वित्तीय संस्था एक-आपसमा गाभ्ने ।गाभिने निर्णय गरिएको जानकारी दिए । साधारणसभाले गाभ्ने ।गाभिनेसम्बन्धी अन्तिम स्वीकृतिका लागि राष्ट्र बैंकसमक्ष निवेदन दिन एवं नियमनकारी निकायबाट स्वीकृति लिनेलगायत सबै काम गर्न ।गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गरेको छ । चुक्ता पुँजी ७१ करोड ८१ लाख रहेको बैंकका हाल विभिन्न स्थानमा ११ शाखा सञ्जाल छन् ।

## मर्ज एण्ड ट्रस्ट साधारण सभा

काठमाडौं । कमर्ज एण्ड ट्रस्ट बैंक नेपाल लिमिटेडको तेस्रो वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष शोभाकर न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको छ । साधारणसभाबाट वार्षिक प्रतिवेदन, आर्थिक वर्ष ०६९ ।७० को वासलात, नाफानोक्सान तथा अन्य विवरण पारित भएको छ ।

साधारणसभाले चुक्ता पुँजीको २ प्रतिशत अर्थात् ४ करोड रूपैयाँ रकमबराबरको बोनस सेयर जारी गर्ने निर्णय गरेको बैंकले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । २१ लाख ५ हजार रूपैयाँ नगद लाभांशसमेत पारित गरेको छ । साथै, कमर्ज एण्ड ट्रस्ट बैंक नेपाल लिमिटेड र ग्लोबल आइएमई बैंक लिमिटेड मर्जसम्बन्धी विशेष प्रस्तावलाई पारित गरेको बैंकले जनाएको छ ।

## सिभिल बैंकको विशेष साधारणसभा

काठमाडौं । सिभिल बैंक लिमिटेडमा एक्सिस डेभलपमेन्ट बैंक र सिभिल मर्चेन्ट वित्तीय संस्था मर्जसम्बन्धी प्रस्तावलाई बैंकको विशेष साधारणसभाले स्वीकृति गरेको छ । तीनै संस्थाका सेयरमूल्य अनुपात ती संस्थाको सम्पत्ति तथा दायित्व मूल्यांकनकर्ताबाट प्राप्त प्रतिवेदन र अन्य व्यवस्थाका आधारमा निर्धारण गरिएको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

## एमाले...

धादिङबाट चुनाव जितेका पाण्डेले मन्त्री हुन आफ्नै पार्टीभित्र घुसपैठ गरेको आरोप पनि लागेको छ । इच्छाराज तामाङ सिभिल समूहका अध्यक्ष छन् र उनलाई पैसा तिरेर सभासद् किनेको आरोप छ । यस्ता व्यक्तिका कारण एमालेको साख गिर्दै गएको तर्क-वितर्क- बहसले बल्खु दरबारभित्र व्यापकता पाएको छ । कतिपय होनहार युवाहरू एमालेको नेतृत्व इच्छाराजको घोडा बनेको आरोप पनि लगाउन थालेका छन् ।

एमालेभित्र यस्ता बखेडा चलेको बेलामा बरिष्ठ नेता माधवकुमार नेपालले आफूलाई निर्णय प्रक्रियाबाट किनारा लगाएको आरोप लगाएका छन् । केपी ओलीको हालीमुहाली र बामदेव गौतमको मुखियागिरीका सामु अध्यक्ष झलनाथ खनाल निरीह बन्दै गएपछि माधव नेपालको छटपटी बढेको विश्लेषकहरुको धारणा छ ।

## सुशील...

रूलिङ गरिसकेका छन् । एक त गृह मन्त्रालय वामदेवलाई दिने कि नदिने भन्ने विवादमा लामो समय खर्चेर बल्ल तल्ल उनको सरकार बन्यो, त्यसमाथि बिना प्रसङ्ग नेपालगञ्ज पुगेर उनले टनकपुरको घाऊ बल्झाइदिए । सुशीलको कारण जनमत-जनविश्वास पाउन सफल भएको कँाग्रेस फेरि 'भारत भक्त' का रूपमा बदनाम हुन पुगेको छ । सानेपास्थित कँाग्रेस हाउसमा वृद्ध सुशीलको बचकना व्यवहार देखेर असन्तुष्टि बढ्दै गएको छ । यो घटनालाई 'प्रेसले बङ्ग्याएको' भनेर केही समयका लागि सत्ता बचाउन सुशील सफल भए पनि आम नागरिक समाजमा सुशीलले भारतभक्ति देखाउन र भारतको विश्वास जित्न यति ठूलो जोखिमयुक्त अभिव्यक्ति दिएको कलंक लागिसकेको छ ।

यही मामिलाका कारण सुशील कोइरालाको नेतृत्वमा सार्वभौम, देशभक्तिपूर्ण, स्वाधीन संविधान बन्न सक्दैन भन्ने लहर चल्न थालिसकेको छ । सबैलाई प्रतीक्षा छ- टनकपुरले सुशील सरकार कतिखेर बगाउने हो ?

## वैद्यको...

सम्भावना छैन । हामी कम्युनिस्ट केन्द्र बन्ने तयारीमा छौं । सहमति र संविधान निर्माण गर्ने हो भने 'राजनीतिक सभा' मा सहमत हुनुपर्दछ । दिल्ली छलाङ मारिसकेको एमाओवादी फर्कन सक्ने स्थितिमा छैन ।

नेकपा- माओवादीका महासचिव रामबहादुर थापा बादलले भनेका छन्- सडक संघर्ष गर्छौं । सडकबाटै संविधान जारी गर्छौं । हाम्रो न्यायोचित र जनआवाजयुक्त बाटोमा सबै आउनेछन् । यो संविधानसभाले जनताको संविधान बनाउन सक्दैन ।

## होला त...

चुनाव सम्पन्न भए पनि त्यसले सही रूपमा समस्याका समाधान दिन सक्दैन । नयाँ संविधान जारी हुँदा जिल्ला, गाउँ र नगरहरूको सिमाना हेरफेर हुनसक्ने अवस्था जीवितै रहेको छ ।

प्रधानमन्त्री सुशील कोइरालाले स्थानीय निकायको चुनाव नहुँदा र निर्वाचन जनप्रतिनिधि नहुँदा अरबौं अरबको घोटाला भएको स्वीकार गर्नु स्वागतयोग्य भए पनि अहिलेकै अवस्थामा अन्तरिम संविधानमा व्यवस्था भएअनुसार स्थानीय निकायको चुनाव सम्पन्न गराउने रणनीति भने मुलुक र देशबासीको नाममा कुनै हालतमा पनि उपयुक्त हुन सक्दैन । नयाँ संविधान निर्माण गर्न सरकार र दलहरूले सबै शक्ति लगाएर जतिसक्दो छिटो संविधान निर्माण गरी त्यही संविधान अनुसार राष्ट्रपति, उपराष्ट्रपति, संसद् र स्थानीय निकायको चुनाव गराउनु सबैभन्दा उत्तम विकल्प हुनसक्छ । १५ वर्षसम्म स्थानीय निकायको चुनाव गराउन असफल भएका सरकार र दलहरूले अहिले संविधान निर्माण गर्ने कार्यलाई पछि धकेल्ने गरी स्थानीय निकायको निर्वाचन गराउने उद्घोष गर्नुभन्दा एकवर्षभन्दा पहिला नै नयाँ संविधान निर्माण गरिसक्ने प्रतिवद्धता जनाउँदै त्यही अनुसार संविधान निर्माणमा सक्रियता देखाउनु मुलुकको हितमा हुनेछ ।

कोइराला सरकारले स्थानी निकायको चुनावको तयारी गरिरहेको सार्वजनिक रूपमै बताएता पनि काँग्रेस-एमालेबाहेकका अन्य दलहरूले स्थानीय निकायको चुनावका बारेमा केही प्रष्ट नपारेका हुनाले काँग्रेस-एमालेले मात्र चाहेर स्थानीय निकायको चुनाव कुनै हालतमा पनि सम्भव छैन/देखिँदैन ।

## प्रत्यक्ष...

अंगालेको हो । प्रत्यक्ष निर्वाचनबाट केन्द्रीय सदस्य हुनुपर्ने भएपछि पार्टीमा रहेका प्रभावशाली सदस्यहरूले साम, दाम प्रयोग गर्नसक्ने अवस्था भने जीवितै रहेको छ । तल्लो तहदेखि नै निर्वाचित भएर आउनुपर्ने भएपछि पार्टी कार्यकर्ता र नेताहरूबीच राम्रो सम्बन्ध हुने र पार्टी पनि चुस्त दुरुस्त हुने एमाओवादीको ठहर छ । प्रत्यक्ष चुनिने विधिले पार्टीमा गति आउने एमाओवादीले विश्वास लिएको उक्त पार्टीको संगठन विभागका प्रमुख पोष्टबहादुर बोगटीले बताएका छन् । अघिल्लो माघमा हेटौंडामा सम्पन्न भएको महाधिवेशनमा उसले स्रोत र शक्तिको दुरुपयोग हुनसक्ने भन्दै प्रत्यक्ष निर्वाचनद्वारा केन्द्रीय सदस्य चयन गर्ने प्रक्रिया स्थगित गरेको थियो । तर अहिले उसले सहमतिका नाममा नेता चयन गर्ने प्रावधानले गलत व्यक्तिले प्रश्रय पाएको भन्दै प्रत्यक्ष निर्वाचित भएर आउनुपर्ने निस्कर्ष निकालेर त्यही अनुरूप अघि बढेको हो ।

प्रत्यक्ष निर्वाचनले नेतृत्वलाई माझ्ने एमाओवादीको बुझाइ छ । नेता गोपाल किराँतीका अनुसार दोस्रो तहका नेताहरू सुध्रिएर आए मात्र पार्टी सप्रिने बताउँदै पुष्पकमल दाहाल र बाबुराम भट्टराईले झगडा गरेर भए पनि पार्टीलाई यहाँसम्म पुर्‍याएको हुनाले अब उनीहरूलाई मात्र दोष दिनुको कुनै अर्थ नरहने भन्दै प्रत्यक्ष निर्वाचनले कुन नेता कति पानीमा रहेछन् भन्ने प्रष्ट हुने बताउँदै जनताको प्रत्यक्ष सम्पर्कमा रहने नेतामात्र अब केन्द्रीय सदस्य हुनसक्ने उद्घोष गरेका छन् । राष्ट्रिय सम्मेलनपछि पार्टी पुनर्निर्माण नभए पार्टी नै सकिने बुझाइ नेता किराँतीको रहेको छ । दोस्रो तहका नेता लाल निपूर्ण हुन नसके पार्टी विघटन हुन्छ, देश वर्वाद हुन्छ, जनता संकटमा पर्दछन् । एमाओवादीका नेता जेल हालिन्छ भन्दै दोस्रो तहका नेताहरू पिछलग्गु भएर विग्रिएको आरोप लगाउँदै आफू पनि त्यसै कारण विग्रिएको र अरू पनि विग्रिएको आरोप लगाएका छन् ।

एमाओवादीको राष्ट्रिय सम्मेलनपछि सम्मेलनबाटै ९९ जना केन्द्रीय सदस्यहरू चुनिनेछन् । हाल यो संख्या करिब अढाइ सयको हाराहारीमा रहेको छ । त्यसै गरी जिल्लातहमा पनि ५१ सदस्यीय जिल्ला कमिटी बनाउन निर्देशन एमाओवादीले दिएको छ । सम्मेलन तयारीका लागि एमाओवादीले फागुनभित्र पार्टी सदस्यता नवीकरण गर्न र चैत्रभित्र गाउँ र जिल्ला सम्मेलन सक्न निर्देशन समेत दिइसकेको बताउँदै नेता बोगटीले अहिले सदस्यता नवीकरण जारी रहेको र अब राष्ट्रिय सम्मेलन कुनै हालतमा पनि नसर्ने, युद्धस्तरमा काम गरेर सम्मेलन सफल पार्ने उद्घोष गरे पनि कतिपय नेताहरूले भने राष्ट्रिय सम्मेलन केहीपछि सर्न सक्ने बताएका छन् ।

## अब के गर्छ...

नेपाललाई सत्तारूढ काँग्रेस र एमालेले वेवास्ता गरेको अभिव्यक्ति हो- अध्यक्ष कमल थापाको आक्रोसयुक्त अभिव्यक्ति । आगामी दिनमा आक्रामक भूमिकाका साथ प्रस्तुत हुने छ राप्रपा नेपाल भन्ने संकेत पनि हो यो ।

राप्रपा नेपालको घोषित नीति छ- संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्र नेपाल । आफ्ना यी एजेन्डालाई राप्रपा नेपालले प्रस्तावकै रूपमा संसदमा प्रवेश गराउने तयारी गर्न थालेको छ । सडकबाट समर्थनको दबाव र संविधानसभामा २४ सदस्य सहितको चौथो शक्ति राप्रपा नेपालको आन्दोलन भयो भने यी दुवै विषय सरिष्ट्र बहसमा पुग्नेछन् । त्यो अवस्थामा यी दुवै विषय जनमत संग्रहमा जननिर्णयको लागि जान सक्ने अनुमान विज्ञहरूले गरेका छन् । त्यसै कारण देशका सचेत वर्ग प्रतीक्षामा छन्- अब के गर्छ राप्रपा नेपालले !

## दिल्लीमा...

मात्र एमालेले काँग्रेसका सभापति सुशील कोइरालालाई विश्वासको मत दिएको थियो । त्यो सहमति अनुसार सुशीलको नेतृत्वमा एक वर्ष मात्र सरकार चल्ने छ । त्यसपछि एमालेले प्रधानमन्त्री पाउन सक्छ । सभामुख र राष्ट्रपतिको निर्वाचन पनि हुन्छ । यस्तो असंवैधानिक ७ बुँदे सहमति गराउन दिल्लीले सुराक दिएकाले त्यही सहमति मजबुत पार्न ओली दिल्ली पुगेको बताइन्छ ।

त्यसो त केबी राजन राजदूत भएका बेलामा 'र' ले सार्वजनिक गरेको नेपाल गेम्प्लानमा सुशील कोइरालालाई आईएसआईको एजेन्ट भनिएको छ । त्यही कारण बाध्यताले केही समयका लागि काँग्रेसको नेतृत्वमा सरकार बने पनि भारत ओलीलाई विश्वास गर्छ भन्ने तर्कमा बढी दम देखिन्छ ।

## अधिकारी दम्पती...

वैठकमा नेपाली काँग्रेसका सभासद् अर्जुननरसिंह केसीले अधिकारी दम्पत्तिको अनसनको मुद्दा संसदमा प्रवेश गराएका थिए । अधिकारी दम्पत्तिका कान्छा छोरा कृष्णप्रसाद अधिकारीलाई २०६१ साल जेठ २४ गते तत्कालीन माओवादी (हालको एमाओवादी) का कार्यकर्ताहरूले सुराकीको आरोपमा अपहरण गरी हत्या गरेका थिए । एमाओवादीका नेता एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले त अधिकारीका हत्याराको कारबाही गर्नुको बदला आफूलाई कारबाही गरेर देखाउन सरकारलाई ठाडो चुनौती नै दिइसकेका छन् ।

न्यायमूर्ति खिलराज रेग्मी नेतृत्वको सरकारले अधिकारीको हत्यामा संलग्न भएको आरोपमा गोरखा फुजेलकै रामप्रसाद अधिकारीलाई पक्राउ गरे पनि चितवन प्रहरीले प्रमाण नपुगेको भन्दै अदालत नै नपुर्‍याई सरकारी वकिल कार्यालय चितवनले रिहा गरिदिएको थियो । त्यसपछि पक्राउ गरेका अर्का एकलाई पनि त्यसरी नै प्रमाण नपुगेको भन्दै रिहा गरेपछि अधिकारी दम्पति अस्पतालमै आमरण अनसनमा बसेका हुन् । आफूलाई लोकतन्त्रको मसिहा ठान्ने नेपाली काँग्रेसका सभापति सुशील कोइरालाको नेतृत्वमा रहेको सरकारले ने अधिकारी दम्पत्तिलाई न्याय दिएर उनीहरूका छोराका हत्याराहरूलाई कानुनी कारबाहीको दायरामा ल्याएर देखाउन सक्छ त ?

हत्या भएकै समयमा किटानी जाहेरी दिए पनि त्यसबेला प्रहरीले जाहेरी नै लिन अस्वीकार गर्नु कहाँको न्याय हो ? केही समय पहिला चितवन प्रहरी प्रमुखले कृष्णप्रसाद अधिकारीका हत्याराहरूको पहिचान भइसकेको र १-२ दिनभित्रैमा उनीहरू पक्राउ पर्ने उद्घोष गरे पनि आजसम्म उनीहरू पक्राउ पर्न नसक्नुले प्रहरीमाथि शंका, उपशंका उत्पन्न भएको चितवनबासीले बताएका छन् । पहिचान भइसकेका व्यक्तिलाई पक्राउ गर्न प्रहरीलाई कसले रोक्यो ? यसको जवाफ प्रहरीले अधिकारी दम्पत्तिलाई दिनुपर्छ कि पर्दैन ? के लोकतन्त्र भनेको बलियाको लागि मात्र हो र ? न्याय सबैको लागि हुनुपर्दछ भन्ने सामान्य सिद्धान्तलाई व्यवहारमा लागू गर्नु नै लोकतान्त्रिक अभ्यास र पद्धति पनि हो ।

## अन्तर्राष्ट्रिय कृषि गोष्ठी सुरु

काठमाडौं । फ्याक्ट नेपाल र सिएसआरसी दुई संस्थाको आयोजनामा कृषिसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी सोमबारबाट राजधानीमा सुरु भएको छ ।

गोष्ठीमा दक्षिण अफ्रिका, युरोप, एसिया र ल्याटिन अमेरिका गरी २५ देशका विज्ञको सहभागिता रहेको फ्याक्ट नेपालका अध्यक्ष सीताराम तामाङले जानकारी दिए । गोष्ठीको पहिलो दिन सोमबार कांग्रेस सभासद् गगन थापा र एमाले केन्द्रीय सदस्य घनश्याम भुसालले कार्यपत्र प्रस्तुत गरेका थिए ।

सोमबारको गोष्ठीमा भूमिसुधारसम्बन्धी विषयलाई जोड दिइएको थियो । मंगलबार समग्र कृषि क्षेत्रको समस्या समाधानका विषयमा एमाओवादी नेता डा. बाबुराम भट्टराई, अर्थमन्त्री तथा कांग्रेस नेता डा. रामशरण महत र कृषिमन्त्री हरि पराजुलीले कार्यपत्र पेस गर्ने तामाङले जानकारी दिए ।

'नेपालको कृषि क्षेत्रबारे समस्या पहिचान गरी व्यावसायिकीकरणका विषयमा ठोस सुझाब संकलन गर्ने उद्देश्यले गोष्ठी आयोजना गरेका हौं,' तामाङले भने ।

## नयाँ वर्षमा चाइनिज जहाज

काठमाडौं । चीनले वैशाखमै ५६ र १९ सिटे दुई जहाज पठाउने भएको छ । यी जहाज नेपाली आकाशमा उडाउने तालिमका लागि दुई पाइलट, ३ को-पाइलट र ९ इन्जिनिरलाई नेपाल वायुसेवा निगमले चिन पठाएको छ । चीनले वैशाखमै २ जहाज पठाइदिने भएपछि नेपाल एयर व्यवस्थापनले १९ सिटे जहाज पहाडी र हिमाली क्षेत्रमा र ५६ सिटे जहाज पोखरा, भैरहवा, विराटनगर, नेपालगञ्ज, धनगढी, भद्रपुरजस्ता क्षेत्रमा चलाउने तालिका तयार गरेको छ । चीनले सित्तैमा दिने यी दुई जहाज आउने तयारीमा रहेकाले हालै अर्घाखाँचीमा दूर्घटना भएको जहाजको पीडा भुलेर उत्साहित हुन पुगेको छ ।

चीनले यी बाहेक ५६ सिटको अर्को एक र १९ सिटका अरू ३ जहाज पछि पठाउने छ । यी जहाजको सहुलियत मूल्यमा चीनकै एक्जिम बैंकको पौने दुई प्रतिशत ब्याज लाग्ने ऋणमा किन्न लागेको छ । यी जहाजको चुक्ता मूल्य ८ वर्षपछि तिर्न थालेर २० वर्षमा चुक्ता गरे हुनेछ । एक प्रकारले चीनले यी जहाज निशुल्क दिन लागेको भन्दा फरक पर्दैन ।

## नोबेललाई ९ लाखको कोटा

काठमाडौं । नेपाल स्वास्थ्य स्वास्थ्य व्यवसायी परिषदका अध्यक्ष श्रवणकुमार मिश्रले ९ लाख घुस खाएर नोबेल कजेललाई भर्ना कोटा दिएको रहस्य खुलेको छ । नोबेल कलेज पोखरा विश्वविद्यालय अन्तर्गतको कलेज हो । यो कलेजका प्रिन्सिपलसँग मिलेमतो गरी बीपीएच र बीएनएलटीमा २० र १० सिटको कोटा मिश्रले थपेको अनुमति पत्र मिश्रले दिएका थिए । यसरी थप कोटामा पढ्ने ३० जना विद्यार्थीको भविष्य र तिनले बुझाएको फि अन्धकारमा परेको छ । यति हुँदा पनि पोखरा विश्वविद्यालयले परिषद्का अध्यक्षलाई केही भनेको छैन ।

यस सम्बन्धमा विद्याथीहरूले सरकार, शिक्षामन्त्रालय र अख्तियारमा उजुरी हालेर न्यायको गुहार लगाएका छन् । अख्तियारले अझै स्वास्थ्य व्यवसायी परिषदमा छापा मारेको छैन, अनुसन्धान थालेको छैन । मिश्र कहिले आफूलाई कांग्रेस, कहिले एमाले र कहिले एमाओवादी हुँ भनेर धाक लगाउँदै छन् । के पार्टीको मान्छे हुँ भन्नेलाई कानुन लाग्दैन ?

## बंगलादेशमा हिन्दूमाथि अत्याचार

काठमाडौं । नाम मात्रको आम निर्वाचन सम्पन्न भएको बंगलादेशमा मुस्लिम आतंक फैलिएको र यो आतंकको शिकार हिन्दू मात्र भएकोमा विश्व हिन्दू महासंघले आपत्ति जनाएको छ । महामण्डलेश्वर श्रीमत व्रत ब्रम्हाचारी महातीर्थले समेत वंगलादेशमा हिन्दूमाथि भएको अत्याचार रोकिनुपर्ने र नेपाललाई हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने माग गरेका छन् ।

गत आइतबार पत्रकार सम्मेलन गर्दै विश्वहिन्दू महासंघका अध्यक्ष हेमबहादुर कार्कीले सरकारबाट मनोनित गरिने २६ जना सभासदमध्ये ४ जना हिन्दू धर्मावलम्बी चयन हुनुपर्ने र नेपाललाई हिन्दू राष्ट्र घोषणा गराउन र संविधानमा लेख्न आग्रह गरेका छन् । उनका अनुसार यो उद्देश्य परिपूर्ति गर्न विश्व हिन्दू महासंघले देशव्यापी रूपमा जागरण आन्दोलनको कार्यक्रम बनाइरहेको छ । आफ्ना मागहरूको सुनुवाई नभए कडा आन्दोलन गरिने बताएका छन् । प्रश्न छ, हिन्दूहरू जागेकै हुन् त ?

## लालीगुराँसको सञ्चालन मुनाफा तीन करोड

काठमाडौं । लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्थाले आव ०७० ।७१ को ६ महिने अवधिमा ३ करोड २० लाख ३ हजार ७ सय ५६ रूपैयाँ सञ्चालन मुनाफा आर्जन गरेको जनाएको छ ।

संस्थाको ०७० पुससम्म कुल कारोबार २ अर्ब ८७ करोड ९५ लाख ७३ हजार ८ सय ५ पुगेको प्रमुख कार्यकारी निर्देशक सुरेन्द्र भण्डारीले बताए ।

हाल संस्थाको निक्षेप २ अर्ब ४७ करोड ४८ लाख ९५ हजार ३ सय १५ पुगेको छ । हालसम्म १० हजार १ सय ३० सेयर सदस्य रहेको संस्थाले बहुउद्देश्यीय कार्यक्रमअन्तर्गत यसैवर्षदेखि चितवनको कुमरोज गाविसमा नेपालकै ठूलो डेरी फार्म सञ्चालन गर्दै छ । त्यस्तै, सिन्धुपाल्चोकको लार्चामा तीन मेगावाट क्षमताको भैरवकुण्ड जलविद्युत् आयोजनामा लगानी गरिएको संस्थाको विज्ञप्तिमा उल्लेख छ ।


लोकतन्त्रको विकासका लागि शान्ति अनिवार्य शर्त हो । त्यसैले राष्ट्रिय शान्ति कायम गर्न सबैले यथोचित योगदान दिऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५६६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार